साहसिक पत्रकारिता
संघर्ष, स्वाभिमान र स्वावलम्बन
# सहारा टाइम्स
SAHARA TIMES NATIONAL FORTNIGHTLY
www.saharatimes.com.np
राष्ट्रिय पाक्षिक
• वर्ष १५, • पूर्णाङ्क ३२१, • अंक १३ • २०८० साल चैत्र १६-३० गते (29 Mar., 12 Apr., 2024) • मूल्य रु. १०



# स्वतन्त्र मधेशदेखि नौलो गणतन्त्रसम्मको यात्रा

◆ शान्तिपूर्ण आन्दोलन गर्नुभएका सिक राउत त्यो बेला पटक पटक समातिनु भएको थियो । तैपनि आन्दोलनलाई अगाडि बढाई रहनु भएको थियो । एउटा छुट्टै देश बनाउनका लागि कानुनी रुपमा के के प्रकृया पुरा गर्नुपर्छ, ती प्रकृया उहाँले पुरा गर्नुभएको थियो

◆ २०७५ सालमा स्वतन्त्र मधेशमन मुद्दा छाडेर मुलधारको राजनीतिमा आउनुभएको थियो । उहाँले स्वतन्त्र मधेशका लागि सात वर्षसम्म लगातार संघर्ष गर्नुभएको थियो । तर त्यो संघर्षमा लामो समय टिक्नु भएन

जनमत पार्टीका अध्यक्ष डा.सिके राउत अहिले 'नौलो गणतन्त्र' लागि आन्दोलन गर्ने तयारीमा जुटेका छन् । जनआन्दोलन दिवसको अवसर पारेर आउँदो जेठ १५ गते काठमाडौंमा विशाल आमसभाको आयोजना गरी नौलो गणतन्त्रका लागि आन्दोलनको घोषणा गर्न लाग्नु भएको छ ।

२०६८ मा अमेरिकाबाट जागिर छाडेर नेपाल फर्किनु भएका सिके राउत देशबाट मधेशलाई अलग गरी छुट्टै देश बनाउनका लागि आन्दोलन सुरु गर्नुभएको थियो ।

**स्वतन्त्र मधेश**

शान्तिपूर्ण आन्दोलन गर्नुभएका सिक राउत त्यो बेला पटक पटक समातिनु भएको थियो । तैपनि आन्दोलनलाई अगाडि बढाई रहनु भएको थियो । एउटा छुट्टै देश बनाउनका लागि कानुनी रुपमा के के प्रकृया पुरा गर्नुपर्छ, ती प्रकृया उहाँले पुरा गर्नुभएको थियो । उहाँले संरचना समेत निर्माण गरिसक्नु भएको थियो । कर्मचारीको संरचना कस्तो, सेनाको संरचना कस्तो हुन्छ ती सबैको बारेमा अध्ययन गरिसक्नु भएका सिके राउतल त्यो अभियान अर्थात आन्दोलनलाई धेरै समयसम्म टिकाउन सक्नुभएन । उहाँले देशका लागि छुट्टै झण्डा, छुट्टै राष्ट्रिय गानको समेत व्यवस्था गरिसक्नु भएको थियो ।

यहाँसम्म कि तराईमा छुट्टै प्रशासनिक संरचना स्थापित गर्ने, मानवशक्ति, भौतिक पूर्वाधार तयार गर्ने, युवा दस्ता स्थापना गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध बनाउने, प्रहरी संरचना बनाउने, कूटनीतिक समर्थन हासिल गर्ने, तराईमा असहयोग आन्दोलन, नाकाबन्दी, सत्याग्रह, सिपाही विद्रोह, सैनिक विद्रोह, धार्मिक नैतिक क्रान्ति, सडक आन्दोलन, सीमाना बन्द, अत्यावश्यक वस्तुमा नाकाबन्दी गर्ने लगायतको योजना डा.सिके राउतले बनाउनु भएको थियो । मधेशलाई सार्वभौम र स्वतन्त्र राष्ट्र घोषणा गर्दै अन्तरिम मधेश सरकार बनाउनुको साथै राज्यको संक्रमणकालको व्यवस्थापन, प्रशासन निर्माण तथा निर्वाचन गरेर संविधानको मस्यौदा तयार गर्नेसम्मको योजना सिके राउतले बनाइसक्नु भएको थियो ।

नेपाली आधिपत्यसहितको प्रशासनिक संयन्त्र हटाएर मधेश प्रशासनको स्थापना गर्ने, नेपाली सेनालाई मधेशबाट हटाएर मधेशी सेनाको स्थापना गर्ने, सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई हटाएर मधेशी प्रहरीको स्थापना गर्ने योजना सिके राउतका थियो । सरकारले मधेशबाट उठाउने गरेका सबै कर बन्द गराउने, मधेशीबाट लिएको भूमि फिर्ता गराउने, मधेशमा रहेको जमिन, पानी, वन तथा अन्य प्राकृतिक स्रोतमाथिको नेपाल सरकारको नियन्त्रण हटाउने, संयुक्त राष्ट्र संघ तथा विश्वका अन्य सार्वभौम मुलुकहरुमा कूटनीतिक तथा कन्सुलर कार्यालय सञ्चालनका लागि पहल गर्ने लगायतको तयारी सिके राउतले गरिसक्नु भएको थियो ।

**मुलधारको राजनीति**

२०७५ सालमा स्वतन्त्र मधेशमन मुद्दा छाडेर मुलधारको राजनीतिमा आउनुभएको थियो । उहाँले स्वतन्त्र मधेशका लागि सात वर्षसम्म लगातार संघर्ष गर्नुभएको थियो । तर त्यो संघर्षमा लामो समय टिक्नु भएन । थुनामै रहेको बेला उहाँले तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारसँग २०७५ फागुनमा ११ बुँदे सम्झौता गरेर मुलधारको राजनीतिमा आउनु भयो । उहाँले जनमत पार्टी गठन गरेर २०७९ को चुनावमा भाग पनि लिनुभयो ।

त्यो चुनावमा सिके राउतले सोचेको भन्दा बढी सफलता हासिल गर्नुभयो । मधेशमा एउटा शक्तिको रुपमा रहेको जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई नै सप्तरी-२ मा चुनाव हराउनु भयो । त्यसले उहाँमा झन उत्साह बढ्यो । ठूलै बाजी मारे जस्तै उहाँ चुनाव जितेर काठमाडौं आएपछि हरेक पार्टीका हरेक नेताको घरघर जानुभयो । यहाँसम्म कि उहाँ उपेन्द्र यादवलाई समेत भेट्नुभएका थियो । सरकारमा सहभागी हुनका लागि सबभन्दा बढी हतार उहाँलाई नै थियो ।

**गणतन्त्रको यात्रा**

उहाँले आफ्नो पार्टीलाई संघदेखि प्रदेशको सरकारमा गराउनुभयो । संसद र सरकारलाई लिएर उहाँ निकै उत्साहित हुनुहुन्थ्यो । संसद र सरकारबाट केही गर्छु भनि उहाँमा उत्साह थियो । जनतालाई त्यही अनुसार प्रतिवद्धता दिएर आउनु भएको थियो । १० लाखलाई रोजगार दिने, मधेशका उद्योगहरु स्थापना गर्ने जस्ता अनेकौं प्रतिवद्धताहरु जनाएर आउनु भएको थियो । उहाँले ती प्रतिवद्धता सरकार र सदनमा पुगेपछि पुरा हुन्छ जस्तै उत्साहित भएर लाग्नु भएको थियो । तर सोचे जस्तो हुँदैन भने कुरा उहाँले छ महिनामा नै बुझ्नुभयो ।

बारा-२ मा भएको उपचुनावमा माओवादीका नेता शिवचन्द्र कुशवाहलाई ल्याएर उपेन्द्र यादवसँग भिडाउनु भएको थियो । त्यहाँ पराजित हुनुभयो । उपेन्द्र यादव नेतृत्वको जसपाको तर्फबाट उपपराष्ट्रपतिमा उम्मेदवारी दिनुभएका रामसहाय यादवको विरुद्धमा पनि जनमतका अध्यक्ष सिके राउतले ममता झालाई उम्मेदवार बनाउनु भएका थियो तर त्यहाँ पनि उहाँले सफलता हात पार्नुभएन । यहाँसम्म कि राष्ट्रिय सभा सदस्यका लागि भएको चुनावमा पनि उहाँले गठबन्धनबाट एक सिट पनि पाउनु भएन । जनमत पार्टी सत्ता गठबन्धनमा थियो । गठबन्धनमा रहरे पनि भागबण्डा पाइदैन भने त्यहाँ बस्नुको कुनै अर्थ रहदैन भनि जनमत पार्टीका अध्यक्ष सिके राउतले खुद त्यसको आलोचना गर्न थाल्नुभयो ।

उहाँले त्यही बेलादेखि नौलो गणतन्त्रको कुरा उठाउन थाल्नुभयो । यो गणतन्त्र विकृत भइसक्यो । भ्रष्टाचार, अनियमिता बाहेक अरु केही हुँदैन भनि उहाँले अब नौलो गणतन्त्रका लागि तेस्रो जनआन्दोलन गर्नुपर्छ भनि त्यसको तयारीमा लाग्नुभयो ।

बाँकी पृष्ठ ९ मा

यस भित्र


८४ का लागि एक पटक संगठित हुने हो कि !
● लेख, पृष्ठ ४


देश मधेश र पार्टीमा उपेन्द्र यादवको विकल्प खोज्ने बेला भएको छैन
● अन्तरवार्ता, पृष्ठ ५


१२ वर्षमा एक पटक लाग्ने चतराको महाकुम्भ मेला
● मध्यपृष्ठ, पृष्ठ ६


ज्याकलिन नेपाल आउने
● पृष्ठ ९


गाउँको निरंकुश शासक विरुद्ध राजनीतिक रोजे गंगाप्रसाद
● पृष्ठ १०

अभिमत

## सम्पादकीय

# मधेशमा साक्षर महिला

मधेश सरकारले पाँच वर्ष 'बेटी बचाउ बेटी पढाउ' कार्यक्रमको आयोजना गर्‍यो । तर मधेशमा महिलाको शिक्षामा कुनै सुधार देखिएको छैन । राष्ट्रिय जनगणना २०७८ लाई आधार मान्ने हो भने मधेश प्रदेशको साक्षरता दर ४९.७२ प्रतिशत मात्र रहेका छन् । अर्थात लगभग ५० प्रतिशत जनता अहिले पनि निरक्षर नै छन् । मधेश प्रदेशमा बालिका शिक्षाको अवस्था बारेमा इन्सेकले गरेको अध्ययन अनुसार मधेश प्रदेशमा महिलाको साक्षर दर ३८.८८ प्रतिशत मात्र रहेका छन् । साक्षरको अवस्था हेर्दा मधेश प्रदेशमा पुरूष र महिला बिच ठूलो खाडल छ । यो खाडल भर्न मधेश सरकारले सकिरहेको छैन । २०६४ यता मधेशी दलबाट शिक्षा मन्त्रालय पटक पटक सम्हालेका छन् । २०७४ देखि मधेश प्रदेश सरकारको नेतृत्व लगातार मधेशवादी दल याने कि जनता समाजवादी पार्टीले गर्दै आइरहेको छ । तैपनि शिक्षाको अवस्था बिकराल छ, त्यसमा पनि महिलाको अवस्था त झनै नाजुक छ ।

मधेश सरकारले २०८० जेठमा प्रस्तुत गरेको आर्थिक सर्वेक्षण अनुसार मधेश प्रदेशमा कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान आर्थिक वर्ष २०७९/८० मा १०.३ प्रतिशत रहेको छ । सातवटै प्रदेशमध्ये मधेश प्रदेशको साक्षरता अवस्था सबैभन्दा न्यून छ । मधेश सरकारको आर्थिक सर्वेक्षण अनुसार मधेश प्रदेशमा ६३.५३ प्रतिशत जनसंख्या साक्षर छन् । महिलाको साक्षरता अवस्था पुरूषको तुलनामा निकै कम छन् । साक्षरमध्ये ७२.४५ प्रतिशत पुरूष र ५४.७० प्रतिशत मात्रै महिला छन् । मधेश प्रदेशमा सबैभन्दा बढी साक्षरता भएको जिल्ला पर्सा र सबैभन्दा कम साक्षरता भएको जिल्ला रौतहट ५७.७५ प्रतिशत रहेका छन् । सरकारको नीति हेर्नु हो भने महिलाको शिक्षामा जोड दिएको देखिन्छ । चाहे त्यो संघीय सरकार होस् या प्रदेश सरकार अथवा स्थानीय सरकार किन नहोस् । तीन वटै सरकारले महिलाको शिक्षामा नीति बनाएर नै जोड दिएका छन् । नीतिमा कतै कमजोर देखिदैन तर कार्यान्वयनको अवस्थामा निकै कमजोर देखिएको कारण महिला साक्षरताको अवस्था यस्तो भएको हो । बालबालिका सम्बन्धी ऐन, २०७५ एवं अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ मा पनि निशुल्क शिक्षाको व्यवस्था गरिएको छ ।

प्रत्येक समुदायका बालबालिकालाई मातृभाषामा माध्यमिक तहसम्मको शिक्षा प्राप्त हुने कानुनी व्यवस्था छ । यस ऐनको दफा १५ को उपदफा (१) मा छ वर्षमुनीका बालबालिकालाई उमेर र विकासको स्तर अनुसार उपयुक्त ढंगले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार सुनिश्चित गरेको छ । यतिका ऐन, कानुन, नीति, नियम, निर्देशिका हुँदा हुँदै पनि मधेशको शिक्षा, साक्षरदर कम हुनुको मुख्य कारण त्यहाँको व्यवस्थापन नै हो ।

खासगरि तराई मधेशमा महिलालाई पनि शिक्षा दिनुपर्छ भनि विगतभन्दा अहिले केही सुधार भएको हो तर अरू प्रदेशको तुलनामा त्यहाँ कमै देखिन्छ । अहिले पनि छोरा पराया घरका हुन्, उमेर भएपछि विहे गरेर पठाई दिने सोचले गर्दा पनि महिलाको पढाई लेखाईमा त्यति ध्यान दिएको देखिदैन ।

अर्को मुख्यकारण भनेको छोरा-छोरी बिच भेदभाव । आमा बुवाले छोरालाई पढाउन जति ध्यान दिएका हुन्छन् त्यति ध्यान छोरीमा दिएका हुँदैनन् । छोरालाई बोर्डिङ स्कूल पढाउँदा छोरीलाई सरकारीमा पनि हालेका हुँदैनन् । हालेपनि त्यसलाई निरन्तरता दिएका हुँदैनन् । छोरीलाई स्कूल भर्ना गरेपनि घरको काममा यति व्यस्त गर्दिन्छन् कि उ स्कूल जान पाउँदैनन् र बिचमै पढाई छाड्छन् । पढाई पुरा नै नगरिकन उसको बिहे हुन्छ । घर व्यवहारमा अल्झिन्छन् । बेटी बचाउ बेटी पढाउ कार्यक्रम मधेशमा सुरू गर्दा सुरूमा निकै प्रभावकारी देखिएको थियो । सोही कार्यक्रम अन्तरर्गत साइकल वितरण गर्दा स्कूलप्रति बालिकाको आकर्षण बढेको थियो तर साइकल हात पारिसकेपछि स्कूल जान छाड्थे । त्यसको अनुगमन र नियमन कही कतैबाट पनि भएन । त्यो साइकल वितरणले महिलाको साक्षर दर बढेको देखिएको छैन । विगतभन्दा सुधार नभएको पनि होइन तर जुन अनुपातमा पुरूषको साक्षर दरमा सुधार आएको छ त्यो अनुपातमा महिलामा देखिएको छैन । यसमा शिक्षा र चेतनाको कमी र सरकारको लापरवाही नै मुख्य कारण रहेका छन् ।

## तथ्यांक आफै बोल्छ

प्रदेशगत आर्थिक वृद्धि दर र अंश

| प्रदेश | २०७८/७९* | | २०७९/८०** | |
|---|---|---|---|---|
| | वृद्धि दर | अंश | वृद्धि दर | अंश |
| कोशी | ५.४७ | १५.७ | २.० | १५.८ |
| मधेस | ४.६३ | १३.१ | १.६९ | १३.१ |
| बागमती | ६.३० | ३६.९५ | १.४४ | ३६.८६ |
| गण्डकी | ६.३५ | ८.९ | ३.२६ | ९.० |
| लुम्बिनी | ५.०३ | १४.१ | २.०६ | १४.२ |
| कर्णाली | ५.३२ | ४.१ | १.९१ | ४.१ |
| सुदूर-पश्चिम | ४.७८ | ७.० | १.७८ | ७.० |
| राष्ट्रिय | ५.६१ | १००.०० | १.८६ | १००.०० |

*संशोधित अनुमान ** प्रारम्भिक अनुमान

*स्रोत: केन्द्रीय तथ्याङ्क कार्यालय*

## पाठक पत्र

saharatimes.com.np@gmail.com




### उपेन्द्रको अगाडि सबै झिना मसिना

उपेन्द्र यादव खेलाडी हुन भन्ने कुरा उहाँले पुनः प्रमाणित गर्नुभएको हो । राजनीतिमा सट्रगल उपेन्द्र यादवका लागि मामुली कुरा हो । माओवादीको आरोपमा भारतमा समातिदा पनि उहाँ भारतमै रिहा हुन सफल हुनुभएको थियो । उहाँसँग समातिनु भएका मोहन वैद्य 'किरण' र सुरेश आलेमगरलाई भारतले नेपालसमक्ष सुम्पि दियो । माओवादीको जनयुद्ध चरम सीमामा थियो । त्यस अवस्थामा पनि त्यहाँबाट उम्कि सकेका उपेन्द्र यादव नेपालका झिना मसिना नेताको चक्रभ्युमा कहिले फँस्नु हुन्न । नेपालकै इतिहासमा सबभन्दा ठूलो गौर हत्या हुँदा कसैले उपेन्द्र यादवको बाल बाँका गर्न सकेन भने चुनावमा हार्ने जित्ने कुरा उहाँको लागि मामुली कुरा हो । उपेन्द्र यादवको रणनीतिमा प्रचण्ड, केपी शर्मा ओली सकिरहनु भएको छैन भने यो सिके, फिके धेरै टाढाको कुरा हो । उपेन्द्र यादवको अगाडिमा यस्ता सिके, महन्थ, रेशमहरुको कुनै महत्व छैन ।

*सन्तोष यादव, धनुषा, महेन्द्रनगर*

### रेशमको पाप धुरीबाट करायो

रेशम चौधरीले मधेश आन्दोलन तथा थरुहट आन्दोलनसँग जसरी गद्दारी गर्नुभएको छ । त्यसको सजाय उहाँले अवश्य पाउनुपर्छ । कैलाली टिकापुर घटनाको दोषी उहाँ हुनुहुन्न तर राज्यले जवर्जस्ती फँसाएको कुरा मधेश केन्द्रीत दलले पटक पटक उठाउँदै आउनु भएको थियो । सरकारसँग राख्ने मागमध्ये सबभन्दा महत्वपूर्ण मागमा रेशम चौधरीको रिहा नै थियो । रेशम चौधरी जेलमा हुँदा बाहिर उहाँको परिवार रञ्जिता श्रेष्ठलाई आर्थिक सहयोगदेखि लिएर अन्य सहयोग पनि मधेशवादी दलहरुले गर्दै आइरहेका थिए । रेशम चौधरीलाई रिहाका लीग विभिन्न प्रयत्न भइरहेका थिए । तर बिचमा फ्याटै राष्ट्रपतिबाट आममाफी पाएर निस्किनुभयो । उहाँले थरुहट आन्दोलन र मधेश आन्दोलनको नाममा क्लङ्कको टिका लगाउनुभयो । अहिले आएर दुवै श्रीमान-श्रीमती बिच कस्तो गञ्जागोल चलिरहेको छ । सबैलाई थाह भएकै कुरा हो । पाप धुरीबाट कराउँछ भने कुरा सही सावित भएको छ ।

*रसुल मियाँ, सिनामंगल, काठमाडौँ*

### उपेन्द्र यादवलाई सिके राउतको भय

उपेन्द्र यादवले कसैलाई पछाडि पार्नुभएको छैन । र, उहाँका कारण कोही पछाडि पर्नु पनि भएको छैन । कोही चुनाव चित्दैमा र कोही हार्दैमा पछाडि र अगाडि पर्ने होइन । मुख्य कुरा उसले आफ्नो कर्तव्य गरेको छ कि छैन । जनताको दिलमा बसेका छन् कि छैनन् त्यो हेर्नुपर्छ । सरकारमा उपप्रधानमन्त्री बन्नुभएको छ भने त्यसले कुनै बाघ मार्न सक्दैन । सिके राउत र महन्थ ठाकुरले सरकारमा जान चाहेको भए उपेन्द्र यादव भन्दा पहिले जान सक्नु हुन्थ्यो तर उहाँहरु जानुभएन । यति कुरा बुझ्नुस् उपेन्द्र यादव कसैलाई पछार्नु भएको छैन, उपेन्द्र यादवको दिमागमा एउटा डर बसि सकेको छ कि टक्कर दिनका लागि कोही आइ सकेका छन् । हरेक मोडमा सिके राउतसँग उपेन्द्र यादवको जमका भेट हुन्छ । एउटा भय सृजना गरिरहनु हुन्छ । हारजित आफ्नो ठाउँको कुरा हो तर टक्कर दिनका लागि कोही त छन् भन्ने कुराको त्रास उपेन्द्र यादवलाई भइसकेको छ ।

*दीपेन्द्र ठाकुर, सिरहा, चोहर्वा*

### रामनरेशको क्रान्ति

राजेन्द्र महतोको बारेमा भन्न सकिदैन तर रामनरेश राय यादवको बारेमा यति भन्न सकिन्छ कि उहाँबाट क्रान्ति सम्भव छैन । गाउँको मुखियाबाट राजनीति सुरु गर्नुभएका रामनरेश राय यादव मधेश प्रदेश सरकारको मन्त्रीसम्म बन्न सफल हुनुभयो तर राजनीतिमा आफ्नो पहिचान, वजुद बनाउन सक्नु भएन । गाउँको मुखिया हुनुभयो, संविधान सभा सदस्य हुनुभयो, पार्टीको अध्यक्ष पनि बन्नुभयो । प्रदेश सभा सदस्य हुँदैं मन्त्रीसम्म पनि बन्नुभयो तर यी सबै सकिएपछि हराउनुभयो । अहिले राजेन्द्र महतोको पछिपछि लाग्नु भएको छ । उहाँबाट क्रान्ति सम्भव छैन जस्तो लाग्छ । जब जसपाले उहाँलाई हटायो तब उहाँको सबै राजनीति चौपट भयो । लगभग उहाँको राजनीती नै समाप्त भइसकेको थियो । राजेन्द्र महतोले साथमा लिएपछि केही गर्ने क्रान्ति गर्ने भन्नुभएको छ । क्रान्ति सफल गर्नमा कति सफल हुन्छ त्यो हेर्न बाँकी नै छ ।

*रमेशकुमार साह तेली*

*ramesh_sah2004@gmail.com*

## फेसबुक



**बलराम यादव**

बालेन भैयाको महेन्द्रपथिय नेपलीया अवतार

काठमांडौंका मेयर आफूलाई राष्ट्रवादी देखाउन बेला कुबेला स्टन्टबाजी गर्न/देखाउन कुनै हर्कत बाँकी राख्दैनन् । काठमाडौंका प्राईभेट स्कूलहरुलाई नेपालीपन झल्काउने र देखाउनु पर्ने निर्देशन दिएका छ । त्यस्तै आफू मेयर भये लगतै उलाई पत्रकारले तपाई 'मधेशी शाह' भनेर सोद्धा उसले जवाफ फर्काएका थिए कि-I am not oily-Madheshee shah, I am Royal Shah भन्नु को मतलब- "म तेली शाह होईन, म दरबारी शाह हो ' ! वास्तवमा बालेनले दरबारीयाको चरित्र देखाई राखेका छन् किनभने उहाँको बुबा राजाका दरबारका बैद्य थिए र बालेन काठमांडौं/नेपाल (हाम्रा हजुरवुवा र बाजेहरु काठमांडौंलाई नेपाल भन्ने गर्थे र त्यस्तै उनीहरु काठमाडौं जाँदा विरगञ्जमा भिसा र पासपोर्ट सरह कागजात बनाएर जाने गर्थे) मा जन्मे हुर्केका र बुबा दरबारी बैद्य भएकाले उले "दरबारी राग" गाउनु स्वभाविक नै हो । प्राईभेट स्कूलहरुमा नेपालीपन झल्काउने ऊर्दी फरमान गर्ने मधेशी आमाबुबाको कोखवाट जन्मेका बालेनले आफ्नो नाम परिवर्तन गरेर त्यो नाममा वीर बिक्रम या बहादुर जोड़दा कसो होला ??

**अनिलकुमार यादव**



भौतिक पूर्वाधार कार्यालय सप्तरीको कार्यालय प्रमुखले कमिशनको आधारमा योजनाको कार्य आदेशहरु वितरण गर्दे । योजना सम्बन्धि कार्य आदेश वितरण गर्दा भौतिक पूर्वाधारका कार्यालयका प्रमुखले सम्बन्धित वडा कार्यलय, नगरपालिका तथा गाउँपालिका समेतलाई कुनै किसिमको जानकारी समेत नदिइ एकलौटी रुपले सरकारी कार्यालयलाई सम्बन्धित पार्टीको कार्यालय बनाइ सो पार्टीको कार्यकर्ता, नेता तथा कार्यालयलाई अप्रत्यक्ष रुपमा लाभ हुने गरि योजनाको पत्रहरु वितरण गर्दे छन् । यस विषयमा पछिको दिनहरुमा पनि पटक पटक छलफल गरि यस्ता कामहरु नगर्न सचेत गराए पनि कार्यालय प्रमुखले अटेरी गरि कमिशनको चकरमा मनमोजी हिसाबले पत्र वितरण गर्न बन्द नगरेको जानकारी पाएपछि यस क्षेत्रबाट निर्वाचित भएका माननीय महेश प्रसाद यादव सो विषयमा कार्यलय प्रमुखसँग जानकारी लिन जादा कार्यलय प्रमुखले अटेर बोली र मर्यादाक्रम मिचेर माननीयज्युसँग वादविवाद गर्न लाग्दा कार्यालयभित्र नै सानो विवाद सृजना भएको थियो । जनताद्वरा निर्वाचित जनप्रतिनिधि भएपछि जनसमुदायसँग प्रत्यक्ष सरोकार राख्ने योजना तथा कार्यहरु बारे सम्बन्धित क्षेत्रको माननीयलाई जानकारी गराउनु र माननीयले उक्त कार्य सम्बन्धित जानकारी लिनु नियम सङ्गत हो ।

# महन्थ ठाकुरका खास मान्छेबाट नै धोका

महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीको केन्द्रीय समितिको बैठक महोत्तरीको बर्दिवासमा चैत ७ गते सम्पन्न भयो । पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले पार्टी छाडेपछिको यो पहिलो केन्द्रीय समितिको बैठक थियो । त्यो बैठकमा महन्थ ठाकुरले केन्द्रीय समितिको कोरम समेत पुर्‍याउन सक्नु भएन । मधेश प्रदेशमै केन्द्रीय समितिको बैठक गर्दा पनि केन्द्रीय समितिको दुई तिहाइ सदस्य उपस्थित नभएपछि बैठकमा खासै कुनै निर्णय नगरी अध्यक्ष ठाकुरले बैठक स्थिगित गर्नुभएको थियो ।

२०८० मंसिर २४ गते बसेको लोसपाको केन्द्रीय समितिको बैठकलाई सो पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले बहिष्कार गर्नुभएको थियो । त्यो बैठकमा पनि बहुमत केन्द्रीय सदस्यको उपस्थिति थिएन । पछि लोसपाका पार्टीका कार्यालय सचिव प्रदीप पाठकले केन्द्रीय सदस्यहरुको घरघर गएर माइन्युटमा हस्ताक्षर गराउनु भएको थियो । त्यो भन्दा खराब हालत बर्दिबासको बैठकमा थियो । लोसपाका एक जना कार्यकारिणी सदस्यले भन्नुभयो, 'राजेन्द्र महतोको साथमा जो जो गएका छन् उनीहरु बैठकमा उपस्थित नहुनु ठिकै हो तर जो महन्थ ठाकुरका साथमा हुनुहुन्छ उनीहरु पनि बैठकमा नआउनु भनेको पार्टीका लागि यो राम्रो संकेत होइन ।'

लोसपाका अध्यक्ष महन्थ ठाकुरले गत असोजमा ३११ जनाको केन्द्रीय समितिको घोषणा गरेपछि पार्टीमा विवाद उत्पन्न भएको थियो । सो केन्द्रीय समितिमा आफ्नो मान्छे नपरेको भन्दै वरिष्ठ नेता राजेन्द्र महतो र अनिलकुमार झाले पार्टी छाड्नु भएको छ । महन्थ ठाकुरले खोजी खोजी आफ्ना मान्छे मात्र राख्नु भएको र जो मधेश आन्दोलनमा योगदान दिए, मधेशको राजनीतिमा लामो समयदेखि लागेका छन् त्यसलाई लोसपाभन्दा बाहिर राखेको गुनासो राजेन्द्र महतो र अनिल झाको रहेको छ ।

चैत ६-७ गते महोत्तरीमा बसेको केन्द्रीय समितिको बैठकमा सय जनाको पनि उपस्थिति थिएन । जब कि त्यो ३११ जनाको केन्द्रीय समिति महन्थ ठाकुरले आफै गठन गर्नुभएको छ । आफैले गठन गरेको केन्द्रीय समितिको बैठकमा नेताहरु उपस्थित नहुनुमा लोसपा समाप्त हुँदैछ भन्ने कुराको संकेत रहेको ती नेताले बताउनुभयो । त्यो बैठकमा पनि बहुमत सदस्य उपस्थित नहुँदा केन्द्रीय सदस्यहरुको घरघरमा गएर हस्ताक्षर गराउनु भएको छ । मंसिरमा बसेको केन्द्रीय समितिको बैठकमा पनि त्यस्तै भएको थियो र चैत ६ गते बसेको बैठकमा पनि त्यस्तै भएको थियो ।

दुवै बैठकमा अनुपस्थित रहेका केन्द्रीय सदस्यहरुको घरघरमा गएर प्रदीप पाठकले हस्ताक्षर गराउनु भएको सो पार्टीका नेताहरु बताउँछन् । हस्ताक्षर गराउनका लागि प्रदीप पाठक काठमाडौँबाट प्लेन चढेर जनकपुर पुग्नुभएको थियो । र, त्यहाँबाट गाडी लिएर केन्द्रीय सदस्यहरुको घरघरमा गएर हस्ताक्षर गराउनुभयो । तर महोत्तरीमा बसेको केन्द्रीय समितिको बैठकबाट राजेन्द्र महतो, अनिल झालगायतका नेताहरुलाई कारवाही गर्न सकेन । राजेन्द्र महतोको साथमा थुप्रै नेताहरु सो पार्टीबाट बिद्रोह गरिसकेका छन् । राजेन्द्र महतोले गठन गर्नुभएको राष्ट्रिय मुक्ति क्रान्तिमा धेरै जना संलग्न पनि भइसकेका छन् । आन्दोलन पनि सुरु गरिसकेका छन् तर पार्टीले केशव झाबाहेक एक जनालाई पनि कारवाही गर्न सकेको छैन । केन्द्रीय समितिको बैठकबाट कारवाही हुने चर्चा थियो तर त्यो बैठकले पनि कारवाही गर्न सकेन ।

बाँकी पृष्ठ १२ मा

# मधेशको कमाण्ड नपाएपछि प्रचण्डलाई उपेन्द्रको साथ

माओवादी केन्द्रका केन्द्रीय सदस्य रामकुमार शर्मा चैत ८ गते पार्टीबाट राजिनामा दिनुभयो । उहाँले पार्टीबाट राजिनामा दिनुभन्दा पहिले नै उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीमा प्रवेश गर्ने निश्चित गरिसक्नु भएको कारणले सो पार्टीबाट राजिनामा दिँदा पनि उहाँले खासै मार्केट लिन सक्नु भएन । पार्टीका शीर्ष नेताहरु नै भ्रष्टाचारमा चुर्लुम डुबेको कारणबाट राजिनामा दिएको कुरा राजिनामा पत्रमा उल्लेख गरिएको छ । तर वास्तविकता त्यो होइन । नेता रामकुमार शर्माले माओवादी पार्टीको मधेश प्रदेशको इन्चार्ज वा अध्यक्षको जिम्मेवारी दिनुपर्ने माग गर्नुभएको थियो । उहाँले सिधै भन्नुभएको थियो कि आफूलाई मधेशमा पार्टीको अध्यक्ष वा इन्चार्जको जिम्मेवारी दिने हो भने बस्ने नत्र पार्टी छाडेर जाने ।

तर यी कुराहरु उहाँले आफ्नो राजिनामा पत्रमा उल्लेख गर्नुभएको छैन । उहाँले आफ्नो राजिनामा पत्रमा भन्नुभएको छ, ' माओवादी पार्टीमा संलग्न हुँदा मैले देखेको सपना र अहिले माओवादी पार्टीका प्रमुख नेतृत्व र सरकारबाट भइरहेको कामको समिक्षा गर्दा आकाश पतालको फरक पाएको अनुभुति हुन्छ ।' जनयुद्धको समय आदर्श मानिएका प्रमुख पदाधिकारीहरू नै बिभिन्न भ्रष्टाचार काण्डमा संलग्न भएको देखेर आत्मग्लानी मात्रै भएको छैन १७ हजार नेपाली नागरिकले दिएको बलिदान र जनयुद्धलाई नै कलंकित गर्ने काम भइरहेको उहाँले उल्लेख गर्नुभएको छ ।

माओवादी पार्टी पार्टी नभएर गुटै गुटका महासंघको रुपमा रुपान्तरण भएको उल्लेख गर्दै रामकुमार शर्माले जनादेश बिपरित विदेशी शक्तिको आडभरोसामा सरकारमा रहनकै लागि पटक-पटक गठबनधन फेरिरहने र देशलाई अस्थिरता एवं बिदेशीको क्रिडास्थल बनाई अन्नत अध्यारो दिशातर्फ धकेलेको महसुस आफूले भएको बताउनु भएको छ । तर पार्टीबाट राजिनामा दिनु यति मात्र कारण होइन भनि माओवादी केन्द्रका नेताहरु बताउनुहुन्छ ।

नेता शर्मा पार्टीमा राजिनामा दिनुभन्दा पहिला नै जसपाका अध्यक्ष उपेन्द्र यादवसँग कुराकानी गरिसक्नु भएको थियो । जसपामा जाने विषयमा उपेन्द्र यादवसँग विगत डेढ दुई वर्षदेखि उहाँले कुराकानी गर्दै आउनु भएको थियो । जुन कुराको भनक माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई पनि थियो । अध्यक्ष यादवले नेता शर्मालाई पार्टीको महाधिवेशन अघि नै पार्टीमा आउनु भयो भने तपाईलाई व्यवस्थापन गर्न सजिलो हुन्छ भनेको कारणले हतार हतारमा माओवादी पार्टी छाडेको माओवादी केन्द्रका नेताहरु बताउनु हुन्छ । जसपाको महाधिवेशन जेठ २७ गतेदेखि जनकपुरमा हुने भनिएको छ ।

उपेन्द्र यादवसँग कुरा मिलि सकेपछि मात्र उहाँले प्रधानमन्त्री समेत रहनु भएका माओवादीका अध्यक्ष प्रचण्डसँग कुराकानी गर्नुभएको थियो । उहाँले प्रधानमन्त्री प्रचण्डसँग मधेश प्रदेशमा पार्टीको अध्यक्ष वा इन्चार्जको जिम्मेवारी दिनुहुन्छ भने आफू पार्टीमा बस्ने नभए उपेन्द्र यादवको पार्टीमा जाने भन्नुभएको थियो । तर त्यहाँ उहाँले पार्टी बिग्रिसक्यो, नेताहरु भ्रष्टाचारमा डुबी सके, सत्ताकै लागि विदेशीको इसारामा गठबन्धन परिवर्तन गरेको लगायतका कुनै पनि कुरा उहाँले गर्नुभएको थिएन ।

पार्टीमा जिम्मेवारी मागेपछि प्रधानमन्त्री प्रचण्डले आफूलाई यस बारेमा सोच्नका लागि केही समय दिनुस् भन्नुभएको थियो । तर सात दिनसम्म प्रधानमन्त्री प्रचण्डबाट नेता शर्मालाई कुनै 'रेसपोन्स' आएन । त्यसपछि उहाँ थप तीन दिन पर्खिनु भएको थियो । तैपनि पनि प्रधानमन्त्री प्रचण्डबाट कुनै रेसपोन्स नआएपछि उहाँले पार्टीबाट राजिनामा दिनु भयो । रामकुमार शर्माले स्वयंले नै जिम्मेवारी दिनुहुन्छ भने बस्छु नभए उपेन्द्र यादवको पार्टीमा जान्छु भनि सकेपछि

बाँकी पृष्ठ ८ मा

# चीनबाट यसरी जोडिदैछ माओवादी र एमाले एकताको तार

फागुन २२ गते काँग्रेस र माआवादी गठनबन्धन भत्किएर एमाले र माओवादीको गठबन्धन बनेपछि नेपालको राजनीतिले एउटा टर्निङले लिएको छ । काँग्रेस-माओवादीको गठबन्धन भत्काएर एमाले र माआवादीको गठबन्धन बन्नुमा चीनको हात छ भन्ने कुरा अब नयाँ रहेन । चीनको जोडबलमा नै त्यत्रो बलियो काँग्रेस-माओवादीको गठबन्धन भत्किएको कुरा आम नेपालीले पनि थाह पाइसकेका छन् । तर चीनलाई गठबन्धन भत्काएर मात्र पुगेन । नेपालका कम्युनिष्टहरुलाई एकीकृत गराउने योजनालाई पनि अगाडि बढाएको छ ।

नेपालका सबै कम्युनिष्ट पार्टीलाई एक ठाउँमा नल्याए पनि पहिलो चरणमा माओवादी र एमालेलाई एकीकृत गराउने योजना चीनको रहेको छ । माओवादी र एमाले एकिकृत नभएसम्म नेपालमा आफ्नो केही चल्दैन भन्ने कुरा चीनले राम्रोसँग बुझेको छ । एमाले र माओवादी अलग अलग रहेसम्म भारत र अमेरिकाले आफूलाई नेपालमा कुनै ठाउँ दिने छैन भने कुरामा चीन राम्रोसँग अवगत छन् । त्यही भएर गठबन्धन भत्काउनु भन्दा पनि माओवादी र एमालेलाई कसरी मिलाउन सकिन्छ त्यसको जोगाडमा चीन लागि सकेको छ । त्यसका लागि माओवादीका उपाध्यक्ष एवं उपप्रधान तथा परराष्ट्र मन्त्री नारायणकाजी श्रेष्ठ र एमालेका उपाध्यक्ष विष्णु पौडेललाई चीन बोलाएको छ ।

घुमफिरका लागि भन्दै चीनका विदेश मन्त्री वाङ यीको निमन्त्रणमा उपाध्यक्ष श्रेष्ठ चैत ११ गते नै चीन पुग्नुभयो भने बोआओ सम्मेलनमा भाग लिनेका लागि भन्दै उहाँ चैत १३ गते चीन पुग्नुभयो । उहाँहरु फरक फरक उद्देश्यका लागि चीन गए पनि खास एउटै उद्देश्य हो माओवादी र एमाले बिचको एकता । चीनले दुवै जनालाई बसाएर माओवादी-एमाले एकताको रोडम्याप तयार गर्नेछ र नेपालमा सोही रोडम्याप अनुसार काम हुने स्रोतले दावी गरेको छ । अगामी २०८४ को चुनाव अगाडि नै दुवै पार्टी बिच एकता गराउने चीनको जोडबल रहेको एमालेका एक नेताले सहारा टाइम्सलाई बताउनुभयो । चीनको बुझाईमा भारतले माओवादी र एमालेलाई फुटाउन चाहन्छ । दुवै पार्टीलाई एक ठाउँमा ल्याउन चाहेको छैन । भारतले कहिले एमालेलाई हातमा लिएर सरकार बनाउँछ भने कहिले माओवादीलाई हातमा लिएर सरकार बनाउँछ । दुवै पार्टीलाई एक ठाउँमा आउन दिइरहेको छैन भनि बुझाई चीनको रहको छ । तर चीनले माओवादी र एमालेलाई एक ठाउँमा ल्याउन हरहमेशा कोशिस गरेको हुन्छ । २०७४ मा पनि माओवादी र एमाले बिच एकता भएको थियो । एकता भएर नेकपा बनेको थियो । त्यसमा पनि चीनकै जोडबल थियो । चीनले नै जवर्जस्ती दुवै पार्टीलाई एकीकृत गराएको थियो तर त्यो एकता लामो समय टिक्न सकेन र तीन वर्ष नबित्दै दुवै पार्टी अलग अलाग भएका थिए । यसपटक पनि दुवै पार्टीलाई मिलाउने प्रयास भइरहेको छ ।

माओवादीका उपाध्यक्ष श्रेष्ठ र एमालेका उपाध्यक्ष पौडेल चीनबाट फर्केपछि माओवादी र एमालेको एकता प्रकृया कसरी अगाडि बढ्छ त्यो हेर्न बाँकी नै छ । तर एमाले स्रोतहरुलाई आधार मान्ने हो भने चीनले गठबन्धन होइन, माओवादी र एमालेको बिचमा एकता नै चाहेको छ । यसका लागि विभिन्न गृहकार्यहरु भइरहेका छन् । त्यसमा सबभन्दा बढी चीन र माओवादी केन्द्रका नेताहरु सक्रिय देखिएको स्रोतले दावी गरेको छ ।

## फरकमत

# प्रदेश सरकारका कारण संघीयता बदनाम



**सुरेशकुमार यादव**

प्रदेश सरकार संघीय लोकतन्त्रको पहिचान हो । प्रदेश संरचना भएकै कारणले नै जनताले संघीयताको महसुस गरेका छन् । प्रदेश मात्र हटाई दियो भने संघीयताको कुनै अर्थ रहदैन । प्रदेशलाई संघीयताको जननी वा बियो भन्दा पनि फरक पर्दैन । संघ र स्थानीय तह पञ्चायतकालमा पनि हुन्थे । प्रधानमन्त्री, मन्त्री, प्रधानपञ्च, वडा सदस्य पञ्चायतकालमा पनि हुन्थे ।

तर प्रदेश र प्रदेशका मुख्यमन्त्री, प्रदेश प्रमुख गणतन्त्रमा मात्र सम्भव भएको हो । गणतन्त्र खारेज भयो भने सबभन्दा पहिले प्रदेश खारेज हुन्छ। संघ र स्थानीय तह यथावत नै रहन्छ। त्यसैले गणतन्त्रका लागि प्रदेश संरचना कति महत्वपूर्ण छ भने कुरा यसले पुष्टि हुन्छ तर अहिले सरकार गठनलाई लिएर प्रदेशमा जे भइरहेका छन् । त्यसले जनतामा संघीयता र गणतन्त्रप्रति अविश्वास पैदा गरिरहेको छ । प्रदेशका नेताहरुको हरकतले गर्दा संघीयता बदनाम हुन थालेको छ । गठनबन्धनको राजनीतिले गर्दा मधेश प्रदेशबाहेक कुनै पनि प्रदेश स्थिर छैन । मधेशमा मुख्यमन्त्री नफेरिए पनि मन्त्रीहरु पटक पटक फेरिनु भएको छ । प्रदेश प्रमुख पटक पटक फरिनु भएको छ । त्यसले त्यहाँ पनि राजनीतिक अस्थिरता देखिन्छ। तर अन्य प्रदेशमा मुख्यमन्त्री फेरिने गरेको छ ।

माओवादी र एमालेको नयाँ गठबन्धनले सबै प्रदेशका सरकार हल्लिएका छन् । संघले सरकारले प्रदेश प्रमुख फेरि सकेको छ । कुनबेला कुन मुख्यमन्त्री फेरिने हो, कसको पद जाने हो, त्यसको त्रास हरेक प्रदेशका हरेक मुख्यमन्त्री र मन्त्रीमा देखिन्छन् । मुख्यमन्त्रीहरु आआफ्नो सरकार टिकाउनका लागि दौडधुप गरिरहेका छन् जसले प्रदेश सरकार स्थिर छैन । त्यसले गर्दा संघीयता र गणतन्त्रमाथि नै प्रश्न खडा भएको छ । प्रदेशको गतिविधि हेर्दा जनताले भन्न थालेको छ, 'देशका लागि गणतन्त्र बोझ बन्दैछन् । यतिका मुख्यमन्त्री र मन्त्रीहरु पाल्ने हैसियता नेपालसँग छैन । बरु खारेज गर्दिए हुन्छ भनि भन्न थालेका छन् ।' यसको मुख्य कारणमा प्रदेश सरकारको अस्थिरता नै हो । प्रदेशको गतिविधिले संघीयता र गणतन्त्र तलमाथि भयो भने त्यसको दोष गठबन्धन सरकारलाई नै जान्छ ।

**संविधानमा व्यवस्था**

संविधानको भाग ५ मा राज्यको संरचना र राज्यशक्तिको बाँडफाँटको व्यवस्था गरिएको छ । संविधानको धारा ५६ मा भनिएको छ, 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ । नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुनबमोजिम गर्नेछन् ।'

धारा ५७ मा संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था छ । ती अधिकारहरूको विवरण अनुसूची ५ देखि ९ सम्म विस्तृत रूपमा दिइएका छन् । संघ, प्रदेश र स्थानीय तहले आफूलाई प्राप्त अधिकारको सीमाभित्र रही राज्यशक्तिको प्रयोग गर्ने हुँदा नेपालमा समानान्तर रूपमा तीन तहका सरकार क्रियाशिल छन् । तीनै तहका सरकार स्वायत्त छन् ।

संविधानमा स्वायत्त भनिए पनि प्रदेश र स्थानीय तह अहिले पनि संघीय सरकारमो अधिनमा रहेका छन् । यो अव्यवहारिक त हो नै अप्राकृतिक पनि हो । खासमा स्थानीय तह प्रदेशको मातहतमा र प्रदेश संघको मातहतमा हुनुपर्ने थियो तर संघ सरकारले दुईटै निकायको लगाम आफ्नो हातमा राखेको छ । त्यसले दुवै निकाय बाटो बिराएको बटुवा जस्तो भएको छ । प्रदेश सरकारसँग आफ्नो कर्मचारी छैन, आफ्नो प्रहरी प्रशासन छैन । आफ्नो बजेट छैन । हरेक कुरामा संघ सरकारको अगाडि हात फैलाउनु परेको छ । यसले गर्दा प्रदेशले आफ्नो कामको नतिजा निकाल्न सकिरहेको छैन ।

संविधानको अनुसूची ६ मा उल्लेख भएको प्रदेशको अधिकारको सूची हेर्दा प्रदेशलाई खासै अधिकार दिएको जस्तो देखिएको छैन । संवैधानमा प्रदेशको संरचना ठूलो देखिए पनि अधिकारको मामिलामा प्रदेशलाई स्थानीय तहभन्दा पनि कमजोर अवस्था राखेको छ ।

*(लेखक सुरेशकुमार यादव गोरखापत्रका सहसम्पादक हुनुहुन्छ)*

○ लेख



■ विजयकुमार यादव

# ८४ का लागि एक पटक संगठित हुने हो कि !

यो देशमा संघीयता आएकै हो मधेशी दलका कारण । मधेशवादी दलले आन्दोलन गरेकै कारण देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो भनि मधेशी जनताले गर्वका साथ भन्न सक्छ । मधेश आन्दोलन नभएको भए देशमा संघीयता आउथ्यो तर बिकेन्द्रीकरणको रुपमा । केन्द्रमा रहेका केही केही अधिकार तल्लो तहसम्म पुर्‍याइन्थ्यो त्यसबाहेकका अन्य अधिरकार केन्द्रमै राखिन्थ्यो ।

काँग्रेस, एमाले, काँग्रेस (प्रजातान्त्रिक), नेपाल सद्भावना पार्टी, नेपाल मजदुर किसान पार्टी, संयुक्त वाममोर्चा र जनमोर्चा नेपालले आन्दोलन गरेर देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आएको होइन । मधेश र मधेशी नभएको भए यो देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आउने थिएन । हुन त २०६२ चैत २४ गतेदेखि सुरु भएको जनआन्दोलनको उद्देश्य नै देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नु थियो । सात दलका नेताहरुमा त्यो नियत देखिएको थिएन । त्यतिबेलासम्म माओवादी बाहिरबाट सहयोग गरिरहेको थियो ।

यी दलहरुले राजालाई कुनै नकुनै रुपमा स्पेश दिन चाहेका थिए । काँग्रेसका तत्कालिन सभापति गिरीजाप्रसाद कोइरालाले बेबी किङको अवधारणा पनि ल्याउनुभएको थियो । त्यतिबेला पनि नेपाल सद्भावना पार्टी नभएको भए नेपालमा अहिले राजासहितको गणतन्त्र हुन्थ्यो । संघीयता बिनाको गणतन्त्र स्थापनाका लागि दलहरुको बिचमा सहमति भएको थियो । त्यसमा नेपाल सद्भावना पार्टीका तत्कालिन उपाध्यक्ष भरतविमल यादवले नोट अफ डिसेन्ट नै लेख्नुभएको थियो ।

२०४६ मा काँग्रेस र सात दलको वाम मोर्चाबाट भएको लामो आन्दोलनपछि २०४६ चैत २६ गते राती राजा, नेपाली काँग्रेस र वाममोर्चाका प्रतिनिधि बिच वार्ता भएको थियो । सोही वार्ताबाट संवैधानिक राजतन्त्र र राजा रहने गरी बहुदलको व्यवस्था घोषणा गरिएको थियो । त्यसमा थोरै सुधार गरेर २०६४ मा दलहरुको बिचमा सम्झौता गरेर थोरै भएपनि, जुन रुपमा भएपनि राजालाई स्पेश दिने चलखेल भइरहेको थियो । राजा र संसदवादी राजनीतिक दलहरु मिल्नुपर्छ भन्ने अन्तर्राष्ट्रिय समुदाय बेलायत, युरोपियन युनियन, जपान, चीन, भारतलगायत संयुक्त राष्ट्र संघ समेतले सुझाव दिनु भएको थियो । तर तत्कालिन सात दलले त्यो सुझावलाई मानेको थिएन किनभने बाहिरबाट जनताको दबाव दियो भने मधेशवादी दलहरु खबरदारी गरिरहेका थिए । भारतविमल यादवले त नोट अफ डिसेन्ट नै लेख्नुभएको थियो ।

राजाले राजगद्दी छाड्नुभयो । जनताको नासो जनतालाई फर्काएको उद्घोषसहित ज्ञानेन्द्र शाह नारायणहिटी राजदरवार छाड्नुभएको थियो । गणतन्त्र त आउने भयो तर कस्तो आउने त्यो कुरा स्पष्ट भइरहेको थिएन । त्यति नै बेला तत्कालिन मधेशी जनअधिकार फोरम नेपालले आन्दोलनको तयारी गरिरहेको थियो । २०६४ मा मधेश आन्दोलन सुरु भएको थियो । मधेशी जनअधिकार फोरमले एक्लै आन्दोलन गर्दा राज्यले टेरिरहेको थिएन । मधेशी मोर्चा बनाएर महन्थ ठाकुर नेतृत्वको तत्कालिन तराई मधेश लोकतान्त्रिक पार्टी र राजेन्द्र महतो नेतृत्वको तत्कालिन सद्भावना पार्टी तथा उपेन्द्र यादव नेतृत्वको तत्कालिन मधेशी जनअधिकार फोरम नेपालले संयुक्त रुपमा आन्दोलन घोषणा गरेका थिए । त्यसपछि मात्र पिकअप लिएको थियो । त्यो आन्दोलन लामो समय चलेको थियो । त्यसपछि सरकार र मधेशी मोर्चाको बिचमा सात बुँदे सम्झौता भएको थियो । त्यही सम्झौता नेपाल र मेधशको टर्निङ प्वाइन्ट हो । यदि त्यो सात बुँदे सम्झौता कार्यान्वयन भएको भए आज मधेशको यो अवस्था हुने थिएन ।

ती बुँदाहरुमध्ये संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको कुरा लागु हुनु बाहेक मधेशको हकमा अरु केही कार्यान्वयन भएन । कम से कम मधेश आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रको सुनिश्चितता भयो, त्यही नै सबभन्दा ठूलो कुरा हो । २०६४ फागुन १६ गते सरकार र मधेशी मोर्चा बिच भएको सम्झौतामा भनिएको छ, 'मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहना लगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेश सहितको संघीयसंरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । संघीय संरचनामा केन्द्र र प्रदेशका बीच स्पष्ट रुपमा शक्तिको बाँडफाँड सूचीको आधारमा गरिनेछ । प्रदेशहरु पूर्णरुपले स्वायत्त र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण राख्दै स्वायत्त प्रदेशहरुको संरचना, केन्द्र र प्रदेशका सूचीहरुको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ ।'

यही बुँदमा संघीयताका सबै मुलमर्म र अधिकार, पहिचानको कुरा उल्लेख छ । तर अधिकाँश कार्यान्वयनमा आएको छैन । संघीय संरचनामा केन्द्र र प्रदेशका बिच स्पष्ट रुपमा शक्तिको बाँडफाँट हुने भनिएको छ । प्रदेशहरु पूर्ण रुपले स्वायत्त र अधिकार सम्पन्न हुने भनि उल्लेख छ । तर देशमा गणतन्त्र स्थापना भएको १५ वर्षभन्दा बढी भइसक्यो । संविधान जारी भएको आठ वर्षभन्दा बढी भइसक्यो । गणतन्त्रको सरकार चलायमान भएको सात वर्षभन्दा बढी भइसक्यो तर प्रदेशको अवस्था कस्तो रहेको भने कुरा कसैबाट लुकेको छैन । प्रदेश अधिकार सम्पन्न र स्वायत्त हुनुपर्ने कुरा मधेश आन्दोलनको बलमा सरकारले स्विकार गरेको थियो । स्वायत्त त धेरै टाढाको कुनै अधिकार पनि दिएको छैन । अधिकारका लागि मधेश सरकारले केन्द्रिय सरकारसँग लडाई गरिरहेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र फागुन १६ गते भएको सम्झौताबाट मात्र लागु भएको प्रष्ट छ । त्यतिबेला मधेशवादी दलसँग एउटा शक्ति थियो र यो खालको ऐतिहासिक सम्झौता गराउन सफल भएको थियो । अहिलेका दलहरुलाई हिम्मत छ भने मधेश सम्बन्धी कुनै माग राखेर सम्झौता गरेर देखाइ दियोस् । त्यतिबेला एउटा शक्ति थियो । सम्पूर्ण मधेशवादी दल एक ठाउँमा थियो । त्यही भएर भयभित भएर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने सहमति गर्न बाध्य भएको थियो । र देशमा संघीयतासहितको गणतन्त्र स्थापना भएको थियो ।

अहिले पनि सम्पूर्ण मधेशवादी दलहरु एक ठाउँमा आउन सके यो देशमा जस्तोसुकै माग पुरा गराउन सकिन्छ । यो कुरा विगतको आन्दोलनले पुष्टि गरेको छ । मधेशवादी दल संगठित भएर आएको देखेर ठूला दलहरुले त्यसलाई फुटाउनका लागि अनेक प्रपञ्च गरेको थियो त्यतिबेला र त्यसमा सफल पनि भयो । मधेशवादी शक्ति विभाजन भए मात्र संविधान निर्माण हुन्छ र कार्यान्वयनमा जान्छ भनि शक्ति केन्द्र र ठूला दलको बुझाई थियो । र, त्यतिबेला योजनाबद्ध तरिकाले मधेशको शक्तिलाई कमजोर बनाउने काम गर्‍यो र आफ्नो तरिकाले ती दलहरुले संविधान बनाए । त्यो संविधान अहिलेसम्म सर्व स्विकार्य हुन सकेको छैन । २०६५ भएको पहिलो संविधान सभा चुनावमा संगठित भएको कारण देशमा ठूलो शक्तिको रुपमा मधेश केन्द्रीत दल आएका थिए । त्यति नै बेला ठूला दलको षड्यन्त्रमा मधेश केन्द्रीत दलहरु टुटफुटको शिकार भए । र २०७० मा भएको दोस्रो संविधान सभा चुनावमा ती मधेशवादी दलको अवस्था कस्तो भएको थियो त्यो कसैबाट लुकेको छैन । त्यसपछि पनि मधेश केन्द्रित दलहरु एकीकृत हुने प्रयास पटक पटक गरेका छन् । तर विभिन्न शक्ति केन्द्रहरुले त्यसलाई एकीकृत रहनै दिएन । कुनै पनि देशका शासकको शासकीय सोच हुन्छ कि त्यहाँका परिवर्तनकारी शक्ति, उत्पिडनमा परेका शक्तिलाई एकीकृत हुन नदिने । ती शक्ति र समुदायलाई जहिले पनि दबाएर राख्ने शासकीय सोच नै बनाएका हुन्छन् ।

काँग्रेस, एमाले, काँग्रेस (प्रजातान्त्रिक), नेपाल सद्भावना पार्टी, नेपाल मजदुर किसान पार्टी, संयुक्त वाममोर्चा र जनमोर्चा नेपालले आन्दोलन गरेर देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आएको होइन । मधेश र मधेशी नभएको भए यो देशमा संघीय लोकतान्त्रिक गणतन्त्र आउने थिएन । हुन त २०६२ चैत २४ गतेदेखि सुरु भएको जनआन्दोलनको उद्देश्य नै देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नु थियो । सात दलका नेताहरुमा त्यो नियत देखिएको थिएन । त्यतिबेलासम्म माओवादी बाहिरबाट सहयोग गरिरहेको थियो

**नेपालमा पनि त्यही अवस्था छ ।**

यहाँ मधेशी, आदिवासी जनजाति, मुस्लिम, दलित, पिछडिएका समुदाय, उत्पीडिनमा परेका समुदायलाई जहिले पनि दबाएर राख्ने सोच यहाँको शासकमा देखिन्छ । कुनै पनि पिछडिएको समुदायको शक्तिलाई एकताबद्ध भएर रहन दिएन । मधेशीहरु एकीकृत भएर रहनका लागि पटक पटक प्रयास गरेका थिए । तर शासकहरुले सफल हुन दिएन । आदिवासी जनजातिहरु पनि एकीकृत हुने प्रयास गरे भएन । थारुहरु पनि संगठित हुने प्रयास गरे, मुस्लिमहरु एकीकृत हुने प्रयास गरे तर कसैलाई एक ठाउँमा आउन दिएन । भर्खरको घटनालाई उदाहरणको रुपमा लिन सकिन्छ, रेशम चौधरीले थारुको अधिकारका लागि लड्न नागरिक उन्मुक्ति पार्टी बनाउनु भएको थियो । तर हेर्नुस् शासकहरुले अहिले त्यो पार्टीको हालत कस्तो बनाई दिएका छन्, श्रीमान-श्रीमतीकै बिचमा झगडा गराएर पार्टीलाई छिन्नभिन्न बनाई दिएको छ । थारुहरु संगठित हुँदै थिए त्यसलाई कमजोर बनाई दिएको छ ।

यस्तै अवस्था मधेश केन्द्रीत दलको पनि भएको थियो । पटक पटक जुट्ने प्रयास गरेका थिए । तर त्यसलाई तोड्न शासकहरु सफल भए । त्यसैले अहिले पनि केही बिग्रेको छैन । मधेशी, आदिवासी जनजाति, थारुहरु एक ठाउँमा आए भने शासकहरुको हावा त्यतिकै टाइट हुन्छ । यदि यी शक्तिहरु आपसमा मिलेन भने हामीले खोजेको अधिकार कहिले प्राप्त हुँदैन । शासकहरुले यसरी नै फुटाएर राज गर्छन् त्यो कुरा हामीले बुझ्नुपर्छ । ती शासकहरुले मधेशवादी दलहरुको बिचमै लडाई दिन्छन्, थारुहरुको बिचमा फुट गराई दिन्छन्, मुस्लिमहरुको बिचमा झगडा गराई दिन्छन् र त्यसमाथि शासन गर्छन् । त्यस्तो हुनुको कारण के हो भने पिछडिएका समुदायको धरातल कमजोर हुन्छ । गरिबी र अभावमा जीवन चलिरहेको हुन्छ । राज्यको शासन सत्तासम्म उसको पहुँच हुँदैन । ससानो कामका लागि पनि शासकको अगाडि झुक्नु परेको हुन्छ र त्यसको फाइदा उनीहरुले लिइरहेका हुन्छन् । तर त्यसका लागि हामीबाट पनि त्याग हुनुपर्छ । सानो सानो कुरालाई लिएर शासकको अगाडि झुक्नु हुँदैन । लोभलालचमा फँस्नु हुँदैन । एउटा लक्ष्यका निर्धारण गरेर त्यसका लागि अगाडि बढ्नुपर्छ । त्यो लक्ष्य पुरा भयो भने हाम्रो अभावहरु पनि समाधान हुन्छन् ।

तीन ठूला दलहरु (काँग्रेस, एमाले, माओवादी) आपसमा मिलेर गठबन्धन बनाएर सात वटै प्रदेशमा शासन गर्छन् भने मधेशी, थारुहरु मिलेर किन शासन गर्न सक्दैनन् । मधेशी, आदिवासी जनजाति, थारु, मुस्लिम मिले भने कम से कम कोशी प्रदेश, मधेश प्रदेश र लुम्बनी प्रदेशमा उसको बाहुल्यता रहन्छन् । सुदुरपश्चिममा पनि आफ्नो उपस्थिति देखाउन सकिन्छ । मधेशी, आदिवासी जनजाति, थारु, मुस्लिमहरु मिलेर सात वटा प्रदेशमध्ये चार वटामा कब्जा गर्न सक्छन् भने अरु के चाहियो । तर त्यसका लागि कसम खाएर प्रतिवद्ध भएर एकीकृत हुनुपर्छ । एकीकृत भनेको पार्टी नै एकता गर्नुपर्छ भने होइन, गठबन्धन पनि बनाउन सकिन्छ । मोर्चा पनि बनाउन सकिन्छ ।

एक साथ मिलेर चुनाव लड्न सकिन्छ । धेरै भन्दा धेरै सीट मधेशी, आदिवासी जनजाति, थारु, मुस्लिम, पिछडिएको समुदायको ल्याउन सके मात्र संघदेखि प्रदेशसम्म आफ्नो अधिकार सुरक्षित गर्न सकिन्छ । त्यसैले अहिले पनि केही बिग्रेको छैन । २०८४ मा हुने चुनावमा पिछडिएका समुदायले एकीकृत भएर आए भने धेरै ठूलो जीत हुन्छ । त्यसका लागि सबैले विगतका रिस रागहरु बिर्सेर हातेमालो गर्नका लागि तयार हुनुपर्छ ।

**अन्तरवार्ता**

# देश मधेश र पार्टीमा उपेन्द्र यादवको विकल्प खोज्ने बेला भएको छैन



**जयराम यादव**, राजनीति समितिका सदस्य, जनता समाजवादी पार्टी नेपाल

**फागुन २२ गते काँग्रेस-माओवादीको गठबन्धन भत्केर एमाले-माओवादीको गठबन्धन बन्यो । त्यो गठबन्धनमा जसपा, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा (एस) पनि सहभागी छन् । यो पटक पटक गठबन्धन भत्किनाले राजनीति पनि अस्थिर भएको छ । समग्र देशकै वतावरण बिग्रिएको छ । सरकार तथा राजनीतिक दलका नेताहरुमाथि विभिन्न प्रश्न उठिरहेका छन् । यस्तो किन त ? नेपालमा गठबन्धन किन सफल भएन, यसको कारण के हो ? अबको बिकल्प के त ? लगायतका विषयमा जनता समाजवादी पार्टीका राजनीतिक समिति सदस्य एवं कोशी प्रदेश पार्टीका सल्लाहकार समितिका अध्यक्ष जयराम यादवसँग सहारा टाइम्सले गरेको कुराकानीको सम्पादीत अंशः**

**देशमा पछिल्लो समय देखिएको गठबन्धनको राजनीतिलाई तपाईले कसरी लिनुभएको छ ?**

गठबन्धनको राजनीति वा गठबन्धनका सरकार नराम्रो कुरा होइन । गठबन्धन हुनु नराम्रो होइन । तर नेपालको सन्दर्भमा यो सफल नभएको हो जस्तो लाग्छ मलाई । सबै दल मिलेर सरकार चलाउँदा, देश चलाउँदा त राम्रै हो नि । सबै दलहरु एक ठाउँमा बसेर देशको विकासका लागि काम गर्नु राम्रो हो तर नेपालमा त्यति गतिलो भएन जस्तो मलाई लाग्छ । गठबन्धन बन्छ तर त्यसलाई निरन्तरता नदिइ बिचैमा टुट्छ र फेरि अर्को बन्छ । यस्तो लाग्न थाल्यो कि गठबन्धन सत्ता प्राप्तिका लागि मात्र हो । जसले बहुमत पुर्‍याउन सके, जसले दललाई मिलाउन सके त्यसले नै सत्ता प्राप्ति गर्न सक्छ । गठबन्धन जुन उद्देश्यले बनेको हुन्छ त्यो व्यवहारमा देखिदैन, कार्यान्वयमा आउँदैन ।

**तपाईले भने अनुसार गठबन्धन जुन गतिमा चलिरहेको छ त्यसले देशको समग्र राजनीतिमा कस्तो असर पार्छ ?**

म फेरि भन्छु गठबन्धन गर्नु नराम्रो होइन । भारतमा एउटै गठबन्धन वर्षौ वर्षसम्म चल्छ तर नेपालमा एक वर्षमा तीन पटक गठबन्धन भत्किन्छ र बन्छ । एउटा गठबन्धनलाई निरन्तरता नदिएको कारण राष्ट्रिय रुपमा मात्र होइन, अन्तराष्ट्रिय रुपमा यसको गलत सन्देश गएको छ । यसले देशको समग्र विकास, समग्र राजनीतिलाई प्रभाव पारेको छ । केन्द्रमा गठबन्धनमा गडबड भयो भने त्यसको असर स्थानीय तहसम्म देखिन्छ । त्यसको प्रभाव वडा तहसम्म पुगेको हुन्छ किनभने देशमा संघीयता र गणतन्त्र आएपनि अझै केन्द्रका प्रभाव जनताको घरघरसम्म देखिन्छ । हरेक कुरा केन्द्रबाट नै गाइडेड छन् । कर्मचारी प्रशासनदेखि लिएर, विभिन्न संघ, संगठन तथा राजनीतिक गतिविधिहरु सबै केन्द्रबाट नै सञ्चालित भएका कारण केन्द्रमा केही भयो भने त्यसको प्रभाव तलसम्म पुग्छ । त्यसैले देशमा खासगरि २०७४ को चुनावपछि गठबन्धनको कुरा एउटा संस्कार जस्तै भएको छ । यसअघि पनि दलहरु मिलेर सरकार बनाउने चलन हुन्थ्यो तर यसरी संगठित हुँदैन्थे तर पछिल्लो समय दलहरु सम्झौता गरेर नै संगठित भएर गठबन्धन बनाउन थालेका छन् र त्यसको संरचना प्रदेशसम्म पनि बनाउने गरेको कारण यो निकै प्रभावकारी देखिएको छ तर गलत क्रियाकलाप तथा व्यवहारले गर्दा यसको सन्देश राम्रो गएको छैन ।

**राजनीतिमा यसको प्रभाव कस्तो पाउनु भएको छ तपाईले ?**

गठबन्धनको प्रभाव सबभन्दा बढी राजनीतिमा नै परेको छ । मैले अघि नै भने नि कि केन्द्रमा गठबन्धन भत्केपछि वा बनेपछि त्यसको प्रभाव स्थानीय तहसम्म पुगेका हुन्छन् । स्थानीय तहको सरकार जनताबाट चुनिएर बनेको प्रतिनिधिबाट सञ्चालित भएको कारण त्यहाँ हेरफेर हुँदैन तर कर्मचारीमा त्यसको प्रभाव पर्छ । केन्द्रमा जसको मन्त्रालय हुन्छ तलका मेयर, अध्यक्षहरुले त्यही अनुसार कर्मचारी व्यवस्थापन गर्छन् । स्कूलहरुमा शिक्षकहरु हेरफेर गर्छन् । कार्यक्रम तलमाथि हुन्छन् । यसरी स्थानीय तहमा पनि त्यसको प्रभाव पर्छ तर केन्द्र र प्रदेश जस्तो स्थानीय तहमा हुँदैन ।

केन्द्रमा गठबन्धन परिवर्तन भयो भने प्रदेश सरकार सिधै हल्लिन थाल्छ । त्यहाँ मुख्यमन्त्री परिवर्तन हुन्छ, प्रदेश प्रमुख, मन्त्रीहरु परिवर्तन हुन थाल्छन् । त्यही अनुसार कर्मचारीहरु पनि हेरफेर हुन्छन् । पछिल्लो समय केन्द्रमा गठबन्धन परिवर्तन भएपछि सात वटै प्रदेशका सरकार हल्लिएका छन् । कुनबेला कुन मुख्यमन्त्री, मन्त्री हट्ने हो, प्रदेश प्रमुख हट्ने हो थाह हुँदैन । सबैले हिसाब किताब गर्न थालेका छन् । त्यही अवस्था केन्द्रमा छ । प्रधानमन्त्री परिवर्तन नभए पनि २०७९ को चुनावपछि हालसम्म तीन चार पटक मन्त्रीपरिषद् हेरफेर भएका छन् । मन्त्री हेरफेर हुनै वित्तिकै पुरै सिस्टममा त्यसको असर पर्छ तलदेखि माथीसम्म हेरफेर हुन्छ । योजना अयोगका सदस्यदेखि लिएर राजदूतहरु पनि हेरफेर गरिन थाल्छन् । सचिव सरुवा, कर्मचारीको सरुवा हुन्छन्, प्रहरी प्रशासनमा पनि हेरफेर हुन्छ अर्थात एकपटक मन्त्रीमण्डल हेरफेर हुँदा पुरै राज्यमाथि नकारात्मक प्रभाव पर्छ । जुन राम्रो कुरा होइन । विकास निर्माणमा यसको सिधै असर पर्छ । जनतामा निराशा उत्पन्न गराउँछ ।

**यो गठबन्धनको दाउपेचले गणतन्त्रमाथि पनि असर पर्छ जस्तो लाग्छ तपाईलाई ?**

-संघीय लोकतान्त्रिक गणतन्त्र सर्वस्वीकार्य प्रणाली हो । यो प्रणाली ल्याउनका लागि धेरैले रगत बगाएका छन् । यसमा जनतालको खुन पसिना लागेको छ । त्यसैले यो त्यति छिट्टै कसैबाट वा कुनै गतिविधिले प्रभावित हुँदैन जस्तो लाग्छ मलाई । तर सधैको समय एकनाशले रहदैन । प्रदेशमा जुनखालको खेलहरु भइरहेका छन् । मुख्यमन्त्री, मन्त्रीहरु हरेफेरको जुन नाटकहरु भइरहेका छन् । त्यसले जनतामा निराशा जगाएको छ । यदि यसरी निराशा बढ्दै गयो भने गणतन्त्रको विरुद्धमा जाँदैन भनि भन्न सकिदैन । यत्रो मेहनत गरेर, लडेर ल्याएको गणतन्त्र केही नेताहरुको सनकका कारण बिकृत भइरहेको छ, सत्ताका लागि लुछाचुडी गरिरहेका छन् सायद गणतन्त्र नै गलत हो कि जस्तो जनतालाई लाग्यो भने त्यसलाई सम्हाल्न सकिदैन । जनताले अवाज उठाउन थालेका छन् । तर नेताहरु सचेत भइरहेका छैन । अहिले गठबन्धनका कारण राजनीतिमा जे भइरहेका छन् त्यसलाई जनताले रुचाएको छैन भने कुरा प्रष्ट छ । यसलाई समयमा सच्याएन भने दीर्घकालिन असर पर्छ ।

**नेपालमा गठबन्धन बिकृत हुनुको कारण के हुनसक्छ जस्तो लाग्छ तपाईलाई ?**

मेरो विचारमा पहिलो कारण त सत्ता नै हो । गठबन्धनलाई सत्ताको रुपमा मात्र प्रयोग गरेको देखिन्छ । गठबन्धनलाई अरु कुरामा प्रयोग गरेर जनतको हितमा काम गरेको भए हुन्थ्यो तर सत्ता बाहेक अरु कुनै काम नगरेको कारण यो सफल नभएको हो जस्तो लाग्छ । जो जो गठबन्धनमा छन् सबैलाई सत्ता चाहियो, सबैलाई प्रधानमन्त्री, मन्त्री चहियो । कोही पनि बिना सत्ता र मन्त्रीबाहेक बस्न सक्दैन । गठबन्धनमा सहभागी हुनु भनेकै सत्ता हो जस्तो भइसकेको छ । यो गठबन्धनको खेल अन्त्य गर्नका लागि जनताद्वारा चुनिएको कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्नुपर्छ । जनताद्वारा चुनिएको कार्यकारी राष्ट्रपतिको व्यवस्था नगरेसम्म देशमा स्थिरता आउँदैन । किनभने यहाँ जनताले पनि त्यही अनुसार मतदान गर्छन्, त्यही अनुसार नेता र राजनीति दल चयन गर्छन् ।

संसदमा दलहरु पठाउँदा बहुमत दिएर, अंक गणित मिलाएर पठाउँदा हुन्थ्यो तर त्यस्तो भइरहेको छैन । दलहरुलाई थोरै थोरै सीट दिएर पठाउँछन् जो सरकार बनाउनमा काम लाग्दैन । एउटा वा दुईटा दलले मात्र सरकार बनाउन सक्दैन । विभिन्न दल मिल्नुपर्ने बाध्यता नै छ । त्यो बाध्यता हटाउनका लागि जनताद्वारा चुनिएको कार्यकारी राष्ट्रपति नै अन्तिम विकल्प हो । कार्यकारी राष्ट्रपति भएपछि मन्त्रीहरु संसदभन्दा बाहिरबाट लिएर मन्त्री बनाउनु हुन्छ । संसदले सिर्फ नीति निर्माण गर्ने काम गर्छ । तर हाम्रो देशमा सांसद बन्नु भनेको प्रधानमन्त्री र मन्त्री बन्नका लागि मात्र हो जस्तो लाग्न थालेको छ । सांसदमा चुनाव जित्ने बित्तिकै प्रधानमन्त्री वा मन्त्री कसरी बन्ने त्यो दौडमा लाग्छन् । नीति निर्माण, ऐन कानुन बनाउनमा एकदमै ध्यान दिएको हुँदैन त्यही कारणले यी सब बिग्रेको हो जस्तो लाग्छ मलाई ।

**तपाईको पार्टी अहिले महाधिवेशनको तयारीमा जुटेको छ यत्रो पुरानो पार्टी तर पहिलो महाधिवेशन भनिरहेको छ किन ?**

हो हाम्रो पार्टी पुरानो हो तर पार्टीले विभिन्न दलसँग एकता गरेको छ । एकता गरेपछि एकताको महाधिवेशन गर्नुपर्छ तर त्यो एकताको महाधिवेशन हालसम्म भएको छैन । कुनै एउटा दलसँग एकता गर्‍यो, त्यसपछि अब महाधिवेशन गर्नुपर्छ भनि तयारीमा लाग्दा लाग्दै अर्को दलसँग एकता हुन्छ फेरि अर्को तयारी सुरु हुन्छ फेरि कसैसँग एकता हुन्छ । यसरी विभिन्न पार्टीसँग एकता गर्दा गर्दै यतिका समय लागेको हो । विभिन्न दलसँग एकता गर्दै पार्टीको नाम, विधान, झण्डा, चुनाव चिन्ह परिवर्तन गर्दा गर्दै महाधिवेशनको समय टर्दै गएको हो । अब यसपटक टर्दैन भनि हामीलाई विश्वास छ । तयारी तीब्र रुपमा चलिहरेको छ । जेठ २८ गतेदेखि जनकपुरमा महाधिवेशन हुनेछ ।

**महाधिवेशनको तयारी कस्तो चलिरहेको छ ?**

विभिन्न समिति बनाएर दस्तावेज लेख्न कामहरु भइरहेका छन् । कार्यविधि, नियमावलीहरु पनि तयार भइरहेका छन् । जिल्ला, प्रदेशहरुबाट संगठित सदस्यहरुको नामावली आउने क्रम सुरु भएको छ । संगठित सदस्यको नामावली आइसकेपछि त्यसमाथि एकचरण छलफल हुन्छ र त्यसपछि त्यसलाई सार्वजनिक गरिनेछ । अनि एउटा कार्यविधि बनाएर महाधिवेशन प्रतिनिधि चयन गर्न काम सुरु हुन्छ ।

**हिसाब गर्दा त यो दोस्रो महाधिवेशन हुनुपर्ने हो तर पहिलो नै भनिएको छ । यो महाधिवेशनपछि पार्टीले के दिशा लिन्छ, सैद्धान्तिक, वैचारिक रुपमा यसको स्वरुप कस्तो हुन्छ ?**

हामी विधान अधिवेशन गरेर विधान तयार गरेका छौं । सोही विधानको आधारमा यो महाधिवेशन हुन लागेको हो । विचार र सिद्धान्त सबै तय भइसकेको छ । यो पार्टीको लामो इतिहास छ सुरुदेखि साना साना केही कुरामा परिवर्तन भए पनि समग्रमा खासै केही कुरामा परिवर्तन आएको छैन । विधान अधिवेशनले नै धेरै कुराको तय पनि गरिसकेको छ । वैचारिक र सैद्धान्तिक रुपमा अरु थप केही गर्नुपर्छ जस्तो लाग्दैन । हो महाधिवेशनले संगठनलाई सुदृढ र बलियो बनाउने काम हुन्छ । जिम्मेवारी हेरफेर हुन्छ । महाधिवेशन पछि पार्टीमा एउटा जोश जागर आउँछ । त्यसले पार्टी नयाँ ढंगबाट अगाडि बढ्छ ।

**अध्यक्षमा उपेन्द्र यादव नै रहनु हुन्छ कि अरु कोही बन्नुहुन्छ ?**

यदि कसैले चाहना राख्नु भएको छ भने आउँदा हुन्छ । त्यसमा कसैले रोकटोक गर्नेछैन । विधान अनुसार जो कोही जुन पदमा पनि आउन सक्नु हुन्छ तर मेरो व्यक्तिगत विचार बुझ्नु हुन्छ भने अहिले नै उपेन्द्र यादवको विकल्प खोज्ने बेला भएको छैन । अझै केही समय उपेन्द्र यादवले नै यो पार्टीको नेतृत्व गर्नुपर्छ । देश, मधेश र पार्टीलाई अहिले पनि उपेन्द्र यादवको नै आवश्यकता छ । त्यसैले यो पहिलो महाधिवेशनबाट नै उपेन्द्र यादवको विकल्प खोज्नु हुँदैन जस्तो लाग्छ मलाई । मेरो विचारमा अरुले पनि त्यस्तो सोचेको छैन ।

**यदि कसैलाई इच्छा लाग्यो भने उम्मेदवारी दिन पाउँछ कि पाउँदैन ?**

मैले अघि नै भने नि कि पार्टीको विधान अनुसार जो कोही पनि उम्मेदारी दिन पाउछ तर अरु कसैले त्यस्तो गर्छ जस्तो लाग्दैन । पार्टीमा उपेन्द्र यादवको विकल्प खोज्नुपर्छ भनि सायदै कसैले मनमा पनि सोच्नु भएको छैन जस्तो लाग्छ । म फेरि भन्छु अहिले पनि मधेश र पार्टीका लागि उपेन्द्र यादवको आवश्यकता छ ।

**अन्त्यमा, जसपाले विगत सात वर्षदेखि मधेश प्रदेश सरकारको नेतृत्व गरेको छ यसको प्रभाव समग्र मधेशमा पार्टीगत प्रभाव कस्तो छ ?**

मधेश प्रदेश सरकारको प्रभाव मधेश प्रदेशमा नै रहन्छ । आठ जिल्लाभन्दा बाहिर जाँदैन । रह्यो पार्टीको सन्दर्भ, अन्य प्रदेशका पार्टी सदस्यहरु गर्व गर्छ कि मधेशमा हाम्रो पार्टीले सरकारको नेतृत्व गरेको छ । विगतमा पाँच वर्ष जसपाले नै सरकार सञ्चालन गर्‍यो । अरु अरु प्रदेशमा हेरफेर भए पनि मधेश प्रदेशमा भएन । यसपटक पनि त्यस्तै अवस्था छ । पार्टीको लागि यो राम्रो पक्ष हो । पार्टी त्यसका लागि खुशी नै छ । र पार्टीगत हिसाबले देशभर नै त्यसका असर देखिन्छ ।

**तपाई कोशी प्रदेशको नेता हुनुहुन्छ, त्यहाँबाट मधेश सरकारको बारेमा कस्तो मूल्याङकन गर्नुहुन्छ ?**

म एक नम्बर प्रदेशका नेता भए पनि मधेश प्रदेशको बारेमा हरेक कुराको जानकारी राख्छु जस्तो लाग्छ । अरु प्रदेशभन्दा मधेश प्रदेशमा जसपा बलियो छ । त्यहाँ पार्टीका गतिविधि अन्य प्रदेशको तुलनामा बढी हुन्छ त्यो कारणले पनि आउजाउ भइरहेको हुन्छ । पार्टीकै सरकार भएको कारण साथी भाइलाई भेट्ने बाहनामा पनि बेला बेलामा गइरहेको हुन्छु । समग्रमा भन्ने हो भने मधेश सरकारबाट मधेशी जनताले जुन अपेक्षा गरेको थियो त्यो पुरा नभएको जस्तो लाग्छ । जनताको मनोभाव बुझ्दा पनि त्यस्तै लाग्छ । मधेशी जनताले मधेश सरकारबाट ठूलो अपेक्षा गरेको थियो जुन पुरा भइरहेको छैन । त्यो पुरा नहुनुमा अरु अरु कारण होला त्यो बेग्लै कुरा हो तर जनता अपेक्षाकृत सन्तुष्ट देखिएको छैन ।

# १२ वर्षमा एक पटक लाग्ने



समुद्र मन्थनबाट निस्किएको अमृत इन्द्रपुत्र जयन्तले लिएर भागेका र भाग्दै जाँदा भारतका नासिक, उज्जैन, प्रयागमा एक/एक थोपा झरेको तथा देवताहरुले लखेटेको देखेर जयन्तले त्यो अमृतको घडा नेपालको हिमालय पर्वतको शिखरमा ल्याइराखेको

कुम्भ मेलामा कोटीहोम, वेदपाठ, पुराणवाचन, स्वदेश तथा विदेशका जगत्गुरू, शङ्कराचार्यहरू, धर्माचार्यको सहभागिता प्रवचन, भजनकीर्तन, शास्त्रार्थ सम्मेलनलगायत महास्नान हुने गर्छ। बाह्रकुम्भमध्ये नेपाललगायत भारतका प्रयाग (उत्तरप्रदेश), नासीक (महाराष्ट्र), उज्जैन (मध्यप्रदेश) र हरिद्वार (उत्तराखण्ड)मा कुम्भ मेला लाग्ने गरेको छन्। उहाँ प्रत्येक तीन-तीन वर्षमा मेला लाग्ने गरेको छ भने नेपालस्थित सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिकास्थित प्राचीन हरिद्वार चतराधाममा प्रत्येक १२ वर्षमा कुम्भ मेला लाग्ने गरेको छ।

१२ वर्षपछि यो मेला चैत २७ गतेदेखि चतराधाममा एक महिनासम्म लाग्नेछ। यो मेलाको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गर्नुहुनेछ। त्यसको तयारी तीब्र रुपमा भइरहेको छ। नेपालको कुम्भ मेलाले हाम्रो देशमा हराउँदै गएको धर्म, संस्कार र संस्कृतिको पुनरुत्थान गरेको धार्मिक जानकारहरू बताउँछन्। समुद्र मन्थन जस्तो साह्रै कठिन कार्य शुभारम्भ भयो र त्यसबेला अमृतको सट्टा हला हल बिष निस्कियो। त्यस्तो बिघ्नबाधा आउँदा पनि त्यसबाट पछि नहटी डटिरहँदा कार्य सफल भई अमृतको घडा प्राप्त भएको र सो घडा असल व्यक्तिको हातमा र राम्रो स्थानमा रहोस् भनी कामना गरिएको र सो घडा रहेको एक क्षेत्र कोसी किनारको चतरा रहेको शास्त्रीय मान्यताका आधारमा त्यहाँ कुम्भ मेला लाग्ने गरेको जगत्गुरु देवाचार्यले बताउनुभयो।



नेपाल र नेपालीको सम्मानसँग जोडिएको विश्वकै पाँचौं कुम्भका रूपमा अन्तर्राष्ट्रिय जगत्मा ख्यातिप्राप्त १२ वर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेलाको प्रचारप्रसार सुदूरपश्चिमका दार्चुलादेखि ताप्लेजुङसम्म मात्र नभएर भारत, भूटान, अमेरिका, अष्ट्रेलिया र क्यानडा नर्वे बेलायतजस्ता देशहरुमा पुगेको छ।

त्यसैगरी भारतका विभिन्न क्षेत्रबाट जगत्गुरु धर्माचार्य, महामण्डलेश्वर शन्तमहन्त तथा मुख्यमन्त्री, पूर्वमुख्यमन्त्रीज्यूहरु पनि यस मेलामा उत्साहजनकरुपमा उपस्थिति हुने गरेकाले पनि यसको महत्व बढ्दै गएको छ। यसपटकको कुम्भमेला सफल बनाउन अमेरिकास्थित अन्तर ाष्ट्रिय निम्बार्क आध्यात्मिक प्रतिष्ठान, धर्माचार्य भागवत्शरण महाराजलगायत करिब ५० जनाको टोली नेपाल आइसकेका छन्।

**महाकुम्भ धार्मिक मान्यता**

नेपाल र नेपालीको छुट्टै पहिचान कायम गर्न सक्षम रहेको कुम्भ मेलामा सहभागी भई पुण्य कमाउन आयोजकले अपिल गरेका छन्। चतरामा प्रत्येक छ वर्षमा अर्धकुम्भ र १२ वर्षमा पूर्णमहाकुम्भ मेला लाग्ने गरेको छ। नेपालमा प्रथम पिण्डेश्वर कुम्भ मेला महोत्सवका रूपमा २०५९ चैत ६ गतेदेखि सुरु भएको थियो। त्यसयता यहाँ चैत महिनामा एक महिनासम्म सञ्चालन हुने गरेको छ। त्यसैगरी २०६३ चैत ६ गतेदेखि एक महिनासम्म अर्धकुम्भका रूपमा प्राचीन हरिद्वार चतरामा मेला लागेको थियो। यसअघि २०७० मा १२ वर्षे महाकुम्भ मेला आयोजना गरिएको थियो।

यहाँ अर्धकुम्भ मेला २०७५ र २०७६ मा लागेको थियो। समुन्द्र मन्थनबाट निस्किएको अमृतको घडाबाट भारतका जुन स्थानमा एक एक थोपा अमृत झरेको थियो, तिनै स्थानमा कुम्भ मेला लगाउने चलन रहेको छ। शास्त्रीय मान्यताअनुसार नेपालमा रूद्राक्षको सुन्दर वनमा अमृतको तरलाई पिण्ड बनाएर स्थापना गरिएपछि यसै स्थानमा कुम्भ मेलाको प्रचलन सुरु गरिएको जगत्गुरु देवाचार्य बताउनुहुन्छ। कुम्भ आयोजना हुन थालेसँगै हिमवत्खण्डको कौशिकी किनारमा रहेको प्रसिद्ध प्राचीन हरिद्वार चतरा राष्ट्रिय अन्तर्राष्ट्रियरूपमा परिचित हुँदै आएको तथा धार्मिक मात्र नभई मुलुकमा धार्मिक पर्यटनका माध्यमबाट आर्थिकरुपमा पनि फलदायी भएको छ।

नेपालमा कुम्भ मेलाको खोज अनुसन्धान गरी शास्त्रीय आधारमा कुम्भको सुरुआत बालसन्तले गर्नुभएको विभिन्न दस्तावेजमा देखिएको हो। कुम्भ मेलालाई हिन्दू धर्मावलम्बीको एक महान् स्नान पर्वका रुपमा लिइन्छ। शास्त्रले १२ वटा कुम्भस्थल व्याख्या गरेका छन्। हाल खोजी भइसकेका जम्मा पाँच कुम्भ मेलामध्ये चार कुम्भस्थल भारतका हरिद्वार, प्रयाग, नाशिक र उज्यैनमा छन्। जहाँ प्रत्येक १२/१२ वर्षमा कुम्भ मेला लाग्ने गर्दछ। बाँकी एक कुम्भस्थल नेपालको सुनसरी जिल्लास्थित कोसी नदीको किनार प्राचीन हरिद्वार चतराधाममा रहेको शास्त्रहरूमा उल्लेख छ।

उहाँले समुन्द्र मन्थनपछि उत्पन्न अमृतमय कुम्भ घडा आफ्नो बनाउन देवता र दैत्यका बिच भएको तानातानका क्रममा जहाँजहाँ अमृत खस्यो, त्यहाँ त्यहाँ कुम्भ मेला तथा पर्व सुरु भएका छन्। जगत्गुरु बालसन्त महाराज कुम्भ मेलाको महत्व दर्शाउँदै नेपालको प्राचीन हरिद्वार चतराधाममा लाग्ने कुम्भ मेलाका सन्दर्भमा श्रीमद्स्कन्द महापुराणमा स्पष्टरुपमा बताइएको भन्नुभएको छ।

**सुनसरीमा कसरी कुम्भ मेला ?**

नेपालको सुनसरी जिल्लाको धरानअन्तर्गत पवित्र तीर्थ विजयपुर पर्वतका शिखरमा रुद्राक्षारण्यका बिच भागमा अमृत पिण्डस्वरूप पिण्डेश्वर महादेव विराजमान हुनुभएको छ। स्कन्दपुराणमा अमृतको एक बुन्द झरेको हुँदा नासिक, उज्ज्जैन, प्रयाग र हरिद्वारमा कुम्भमेला भएको देखिन्छ। नेपालको विजय पर्वतमा अमृतको

# चतराको महाकुम्भ मेला

थोपा मात्र नभएर स्वयं अमृत कलशमाथि जमेको तर वा सारलाई नै पिण्डरूप शिवलिङ्ग बनाएर स्थापना गरेको प्रमाण शास्त्रहरूमा भेटिन्छ। सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिकास्थित प्राचीन हरिद्वार चतराधाम कुम्भ नगरीमा गत मंलबारदेखि १२ वर्षे कुम्भमेला सुरु भएको छ। यस अवसरमा यहाँ आएर महिना दिनसम्म व्रत बस्ने, आफ्ना इष्ट देवताको पूजाअर्चना गर्ने, पाठपरायण गर्ने गराउने र स्नान गर्ने गरिन्छ।

पूर्ण महाकुम्भ मेला मूल आयोजक समितिका अनुसार यस मेलामा देश विदेशका लाखौँ धार्मिक भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको छ। मेला चैत २७ देखि आगामी वैशाख २८ गतेसम्म लाग्नेछ। मेलामा राम्रो सुरक्षा व्यवस्था गरिएको आयोजकले जनाएका छन्। धार्मिक र पर्यटकीय हिसाबले महत्वपूर्ण मानिएको कुम्भ मेलामा नेपाल र भारतका भक्तजनहरु सहभागी हुनेछन्। आध्यात्मिक हिसाबले अत्यन्त महत्वपूर्ण मानिएको सुनसरी बराहक्षेत्रको प्राचीन हरिद्वारा चतराधाममा एक महिने पूर्णमहाकुम्भ मेला लाग्ने भएपछि यहाँको सम्पूर्ण क्षेत्र उत्साहित भएको यस महाकुम्भमेलाका परिकल्पनाकार जगत्गुरू बालशन्त मोहनशरण देवाचार्यले बताउनुभयो। उहाँले कुम्भ मेलाबाट नेपाल र नेपालीबीचको एकता तथा धार्मिक सद्भावमा विकास हुने हुँदा देश विदेशबाट यस मेलामा दर्शनका लागि चतरा आउने भएकाले पनि यसको महत्व बढेर जाने उल्लेख गर्दै बर्सेनि धर्मका नाममा विदेशिने रकम रोकथाम गर्न कुम्भ मेला आवश्यक भएको जानकारी दिनुभयो।

मेला भव्यतारुपमा सम्पन्न गर्न बराहक्षेत्र नगरपालिकाको पनि पहल रहेको छ। मेलाका लागि सरसफाइ, पण्डालको निर्माण, प्रचारप्रसार, विद्युत् तथा सञ्चार सुविधा, शान्तिसुरक्षा तथा विपद् जोखिम न्यूनीकरणलगायतका सबै तयारी गरिएको छ। साथै मेला अवधिभर चतरामा मासुजन्य पदार्थ र मदिरा बिक्रीवितरणमा पनि निषेध गरिएको छ।



**कुम्भ मेलाको कल्पनाकार जगत्गुरु देवाचार्य**

जगत्गुरु बालसन्त मोहनशरण देवाचार्यको जन्म २०३३ मङ्सिर २७ गते झापाको हँडिया बुधबारेमा भएको हो। भारतको वृन्दावनबाट शिक्षा आर्जन गर्नुभएका उहाँको पर्शुराम देवाचार्यसँग भेट भएपछि उहाँकै मार्गदर्शनबाट त्यहाँ पुग्नुभएको हो। त्यहाँ पुगेपछि देवाचार्यले ज्ञान भक्ति र साधना प्राप्त गर्नुभयो।

निम्वार्क सम्प्रदायमा दीक्षित भएपछि उहाँको गुरुप्रदत्त नाम मोहनशरण रह्यो। उहाँको लगनशीलता, कर्तव्यनिष्ठता एवं शान्त स्वभाव र शास्त्रीय विद्धताजस्ता सन्त स्वभावका कारण वृन्दावनका वरिष्ठ विद्वानहरुको भेलाले श्रीनिम्वार्क संस्कृत महाविद्यालयमा बालसन्त उपाधिले विभूषित गरेका थिए।

वृन्दावनमा बस्दै गर्दा आफू सपनामा नेपाल फर्केको देखेपछि घुम्दै जाने क्रममा बराहक्षेत्रस्थित चतरामा उभिएर उत्तरपट्टि फर्कंदाको दृष्य आफूले सपनामा बारम्बार देख्ने गरेपछि आश्चर्यमा परी उहाँले यस पवित्र भूमिको थप अध्ययन र अनुसन्धानमा लागेको बताउनुहुन्छ। यस पवित्र तीर्थस्थलको दूरावस्था देख्दा उहाँको मन दुखेको र बराहक्षेत्रलाई सुन्दर र गौरवशाली बनाउन आफू लागेको उहाँ बताउनुहुन्छ। बराहक्षेत्र चतरालाई प्राचीन हरिद्वार घोषणा गरी धाममा परिणत गरेर उहाँले यसै क्षेत्रको प्रवर्द्धनमा लाग्नुभएको हो।



जगत्गुरु बालसन्त महाराजले २०५५ साउन ४ गतेदेखि बराहक्षेत्रदेखि मुक्तिक्षेत्रसम्म पैदलयात्रा प्रारम्भ गर्नुभयो। यो ५५ दिने पैदलयात्रा सम्पन्न गरी चतराधाममा द्वादश दिवसीय श्रीमद्गोपाल महायज्ञ सम्पन्न गर्नुभयो। जुन महायज्ञ नेपालमै पहिलो पटक सम्पन्न भएको थियो। यस कार्यले भक्तहरूका माझ उहाँ झनै परिचित हुनुभयो। श्रीमद्भागवत महापुराणमा उहाँको बाचन र प्रस्तुतीले पनि उहाँ लोकप्रिय हुनुभएको हो। उहाँले नै स्कन्दपुराणको गहिरो अध्ययन अन्वेषण गरी शास्त्रीय प्रमाणका आधारमा नै नेपालमा २०५९ वैशाख १ गतेदेखि एक महिनासम्म नेपाल बृहत् प्रथम पिण्डेश्वर कुम्भ महोत्सवको सुरुआत गराउन सफल हुनुभएको थियो। कुम्भमेलाको आयोजना गरी विश्वमै नेपाल र नेपालीको छुट्टै पहिचान कायम गरेर नेपालको गौरव बढाउने काममा उहाँ लाग्नुभयो।

यसै योगदानको उच्च मूल्याङ्कन गर्दै उहाँलाई २०६७ मा भारतको काशी पण्डित सभाले जगत्गुरुको उपाधिद्वारा विभूषित गरेको हो। जगत्गुरु बालसन्त देवाचार्यले प्राचीन हरिद्वार चतराधाममा भव्यताका साथ गोपाल महायज्ञ सम्पन्न गरेर संस्कृत शिक्षाको प्रवर्द्धन गर्न चतराधाममा संस्कृत गुरुकूलको स्थापना पनि गर्नुभयो। स्वदेशमै रहेका धार्मिक शक्तिपीठ एवं पवित्र धामहरुको खोजी गर्ने क्रममा बालसन्त देवाचार्यले २०७२ वैशाख ५ गते महाकालीबाट पैदल यात्रा प्रारम्भ गर्नुभयो।

सबैको घरदैलोमा पुग्दै नेपालका पचहत्तरै जिल्लाको पैदल यात्रा सम्पन्न गरी २०७४ माघ २२ गतेदेखि द्वादश दिवशीय राष्ट्रभक्ति जागरण महायज्ञको आयोजना गरेर महाकाली गंगामा १८ करोड दीप प्रज्ज्वलनका साथ आफ्नो भ्रमणको समापन गर्नुभएको थियो।

**चतराधामको अवस्था**

२०५० को दशकमा चतरास्थित अहिलेको कुम्भक्षेत्र चतराधाम मसानघाट जस्तै थियो। यहाँ कुनै बस्ती थिएन भने खर र बाक्लो खयर उम्रिएको झाडी थियो। मानिसहरु डराएर एक्लै ओहोरदोहोर गर्ने चेष्टा पनि गर्दैनथे। २०५४ तिर बालसन्त देवाचार्य यहाँ आएपछि उहाँको अगुवाइमा कोसीको तातो बालुवा उड्ने उराठलाग्दो स्थानमा संरचना निर्माण हुन थाले र अहिले यस प्रकारको कुम्भ नगरीमा परिणत भएको छ। उहाँले यस क्षेत्रका बारेमा पनि व्यापक खोज अनुसन्धान थाल्नुभयो र सबै शास्त्रकै प्रमाणका आधारमा उहाँले नै नेपालमै प्रथम कुम्भ मेलाको सुरुआत गराउनुभयो।

त्यसपछि त चतरा प्राचीन हरिद्वार बन्न पुग्यो। विगतमा मसानघाटका रूपमा चिनिएको चतरा अहिले ठूलो तीर्थस्थलका रुपमा विकसित भएको छ। २०५९ बाट यही स्थानमै महाकुम्भ मेलाको प्रारम्भ नै भयो र अहिले यो पाँचौं कुम्भ सुरु भएको छ। समुद्र मन्थनबाट निस्किएको अमृत इन्द्रपुत्र जयन्तले लिएर भागेका र भाग्दै जाँदा भारतका नासिक, उज्जैन, प्रयागमा एक/एक थोपा झरेको तथा देवताहरुले लखेटेको देखेर जयन्तले त्यो अमृतको घडा नेपालको हिमालय पर्वतको शिखरमा ल्याइराखेको शास्त्रमा उल्लेख छ। त्यतिबेला सो अमृत तरजस्तो भएको र भगवान् विष्णुको मोहिनी अवतारले त्यो तरलाई निकालेर एउटा पिण्ड बनाउनुभएको पछि महिना दिनसम्म त्यस पिण्डलाई पूजा आराधना र अभिषेक गरेर वर्तमान सुनसरी जिल्लाको धरान बजारभन्दा उत्तरपूर्वी क्षेत्रको बराह मन्दिर समीप र कोसी नदीको उत्तरतर्फको विशाल पर्वत शृङ्खलामा लगेर स्थापना गर्नुभएकाले यसको नाम पिण्डेश्वर रहन गएको पनि शास्त्रमा उल्लेख छ।

**कुम्भ मेलाको महत्व**

जगत्गुरु देवाचार्य भन्नुहुन्छ, "अरु पनि धेरै प्रमाण मैले विस्तृतरुपमा व्याख्या गरिसकेको छु। नेपालमा अमृतको तरलाई नै पिण्ड बनाएर राखिएकाले नै कुम्भको प्रचलन हामीले उचित स्थानमा गरेका छौँ। चैत शुक्ल प्रतिपदाबाट यो कुम्भको प्रारम्भ हुने हुनाले यो चैत्रबाट अपभ्रंश भई चतरा हुन पुगेको हो। त्यसकारण पनि यस कुम्भ मेलाको ठूलो धार्मिक महत्व रहेको छ।"

यस कुम्भ मेलामा आएर स्नान, दान, यज्ञ, अनुष्ठान, यजन र पूजन गर्दा कहिल्यै पनि ननासिने अर्थात् अक्षय नहुने पुण्य प्राप्त हुने जगत्गुरु देवाचार्यको भनाइ छ। यस कुम्भका समयमा ब्रह्मा, विष्णु, महेश्वर तथा देवताहरुका राजा इन्द्र र अन्य देवगण यसै कुम्भको तिथि पारेर यहाँ स्नान गर्न आउने भएकाले यस समयमा यहाँ स्नान गर्नाले अक्षय पुण्य प्राप्त हुने शास्त्रीय मान्यता छ।

नेपालमा यो कुम्भ मेला सुरु भएपछि धार्मिक पर्यटनको विकास हुनुका साथै नेपालको प्राचीन चतराधामको प्रचार विश्वव्यापी भएको छ। हरेक १२ वर्षमा लाग्ने यस मेलामा सहभागी भई पुण्य कमाउनु जगत्गुरु देवाचार्यले समग्र वैदिक सनातन परिवारलाई आमन्त्रण गर्नुभएको छ।

# मधेशी नेताहरु यसरी किन मार्छन छलाङ ?

पार्टी छाड्ने र आउने काम हरेक पार्टीमा भइरहेका हुन्छन् । अन्य नेताभन्दा मधेशी नेताहरु अलि बढी असन्तुष्ट देखिएका हुन्छन् । सानोतिनो गडबडी तथा मनमुटाव भयो भने पार्टी नै छाडि दिने रोग मधेशी नेताहरुमा बढी देखिन्छ । चाहे त्यो काँग्रेस, एमाले, माओवादी वा जसपा, लोसपा, जनमत किन नहोस् । ती दलका नेताहरु कहिले स्थिर रहनु भएन । केही वरिष्ठ नेताबाहेक अन्य नेताहरु कहिले यता त कहिले उता गरेर नै आफ्नो समय बिताइ रहनु भएको छ ।

पछिल्लो उदहारण नै लिने हो भने माओवादी केन्द्रीय सदस्य रामकुमार शर्माले पार्टी छाडेर गएपछि नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव सो पार्टीमा प्रवेश गर्नुभएको छ । आम जनता पार्टीका केन्द्रीय सदस्य निवेश यादव पार्टी छाडेर जनता समाजवादी पार्टीमा प्रवेश गरिसक्नु भएको छ भने जसपाकै पूर्व नेतृ एवं समाजिक अभियन्ता सुनिता साह आम जनता पार्टीमा प्रवेश गर्नुभएको छ ।

आम जनता पार्टीकै उपमहासचिव कुन्दन कुशवाहा एमालेमा प्रवेश गरिसक्नु भएको छ । मधेशमा खोज्ने हो भने यस्ता थुप्रै उदाहारण भेटिन्छ । काँग्रेसमै रहेका नेताहरु विमलेन्द्र निधि, सरोज यादव, महेन्द्र यादव, कृष्ण यादवहरुको बिचमा बोलचाल पनि छैन । माओवादीकै कुरा गर्ने हो भने महेन्द्र पासवान, विश्वानाथ साह, उमेश यादव, मातृका यादव, अजय नायकहरुको बिचमा बोलचाल छैन । एमालेकै कुरा गर्ने हो भने रघुवीर महासेठले मधेशमा अरु नेताहरुलाई गिन्दा पनि गिन्नु हुन्न । उहाँकै कारण प्रभु साह र रामचन्द्र झाले एमाले छाड्नु भएको हो । मधेशवादी दल जसपा, लोसपा, जनमत, नागरिक उन्मुक्ति पार्टीभित्रका नेताहरु यताउती गर्नु त समान्य नै भइसकेको छ ।

लोकतान्त्रिक समाजवादी पार्टीबाट सो पार्टीका दुई वरिष्ठ नेता राजेन्द्र महतो र अनिलकुमार झा पार्टीबाट बिद्रोह गरेर निस्कि सक्नु भएको छ । जसपामा रेणु यादव, इस्तियाक राइ, उमेश यादव, प्रदीप यादव, राजकिशोर यादवहरु पार्टी नेतृत्वसँग असन्तुष्ट हुनुहुन्छ । मौका पाउने बित्तिकै पार्टी छाडेर जाने लगभग निश्चित छ । जनमत पार्टीमा पनि गाँइगुँइ भइरहेका हुन्छ । केही दिन पहिले जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले एक जना सांसदलाई कारवाही नै गर्नुभयो । नागरिक उन्मुक्ति पार्टीको हालत कस्तो छ कसैबाट लुकेको छैन । श्रीमान श्रीमती (रेशम-रञ्जिता) बिचको लफडाले पार्टी विभाजनको संघारमा पुगेको छ ।

कुनै बेला एउटै पार्टीमा रहनु भएका उपेन्द्र यादव, राजेन्द्र महतो, महन्थ ठाकुर, महेन्द्र राय यादव, अनिलकुमार झा, रामनरेश राय यादव, गोविन्द चौधरी, विजयकुमार गच्छदारका नेताहरु सबै सबैतिर गइसकेका छन् । सम्भव त यस्तो मधेशमा मात्र हुन्छ । र, खासगरि तराई मधेश केन्द्रीत दलमा बढी हुन्छन् । काँग्रेस, एमाले, माओवादीलगायतका अन्य दलमा पनि यस्तो आउने जाने नहुने होइन । नेताहरु आउने जाने भइरहेका हुन्छन् तर मधेश केन्द्रीत दल र मधेशी नेताहरुको बिचमा फेरबदलको खेल अलि बढी देखिएका छन् ।

२०८० बैशाखमा माओवादी छाडेर उप चुनावका लागि जनमत पार्टीमा प्रवेश गर्नुभएका रामचन्द्र कुशवाहा चुनाव हार्ने बित्तिकै सो पार्टी छाड्नुभयो । सिके राउतका विरुद्धमा अभियान सुरु गर्नुभएका कुशवाहा गत असोज १८ गते एमालेमा प्रवेश गर्नुभयो । एउटा व्यक्तिले ६ महिना भित्रमा चार वटा संगठन परिवर्तन गर्ने काम सायद मधेशमा मात्र हुन्छ भनि टिप्पणी भइरहेको छ ।

माओवादी छाडेका रामकुमार शर्मा माओवादी हुँदै फोरम, त्यसपछि मधेश फोरम, त्यसपछि तमलोपा अनिल पुनः माओवादी, माओवादीबाट नयाँ शक्ति, नयाँ शक्तिबाट पुनः माओवादी, अहिले माओवादीबाट जसपामा जान लाग्नुभएको छ । महेन्द्रराय यादव जो अहिले माओवादीमा जानु भएको छ । उहाँ पनि एमाले छाडेर तमलोपा गठन गर्नुभयो । तर त्यहाँ लामो समय टिक्न सक्नु भएन । आफ्नै नेतृत्वमा तमलोपा लोकतान्त्रिक गठन गर्नुभयो ।

त्यसपछि अन्य दलसँग मिलेर राजपा नेपाल बनाउनुभयो । राजपाबाट जसपा बनाउनुभयो । जसपाबाट अलग भएर डा.बाबुराम भट्टराईसँग मिलेर नेपाल समाजवादी पार्टी बनाउनुभयो । अहिले त्यो पार्टी पनि छाडेर माओवादीमा जानुभएको छ । मधेश केन्द्रीत दलका नेताहरुले यस्ता थुप्रै छलाङ लगाउदै आएका छन् । त्यसरी पार्टीमा दौडधुप गर्नेहरुको आफ्नो व्यक्तिगत स्वार्थ मात्र हुन्छ जनताको एजेण्डामा कहिले पनि त्यस्तो नगरेको टिप्पणीहरु हुने गरेको छ ।

कुनै पार्टीमा आफ्नो स्वार्थ नमिलेपछि अर्को पार्टीमा जाने गरेको कारण नै स्वार्थ नमिल्नु हो । कुनै पनि नेताहरुले पार्टीको एजेण्डा, विचार र सिद्धान्तमा फरक मत राखेर पार्टी छाड्नु भएको होइन् । सबैमा व्यक्तिगत स्वार्थ मात्र देखिएका हुन्छ । मन्त्री र सांसद वा अरु कुनै पद पाउनका लागि मात्र पार्टी छाडेर यताउती गरिरहेका हुन्छन् । जनता समाजवादी पार्टीका नेता किरण साह (रौतहट)ले पार्टीबाट टिकट नपाएपछि स्वतन्त्र चुनाव लड्नुभयो । उहाँले चुनाव पनि जित्नुभयो । तर लामो समय स्वतन्त्र रहन सक्नु भएन । उहाँ एमालेमा प्रवेश गर्नुभयो । माओवादी केन्द्र छाडेका रामचन्द्र मण्डल अहिले मधेश प्रदेशका सभामुख हुनुभएको छ ।

माओवादी छाडेकै ज्वाला साह अहिले एमालेबाट कृषि मन्त्री बन्नुभएको छ । माओवादीका रामबाबु यादव (बारा) महागढी नगरपालिकाको अध्यक्ष बन्न नपाएपछि उहाँ जसपामा जानुभयो । महोत्तरीकै माओवादी नेता बलराम यादव जिल्ला सदस्य बन्न नपाएपछि उहाँ एमालेमा जानुभयो । सप्तरीमा महेश यादव माओवादी छाडेर जनमत पार्टीमा जानुभयो । अहिले प्रदेश सदस्य हुनुहुन्छ । मन्त्री पनि बन्नुभएका थियो ।

## मधेशको कमाण्ड...

प्रधानमन्त्री प्रचण्डले उहाँलाई पार्टीमा रोकि राख्न उचित ठान्नुभएन ।

**नेता शर्माका ट्रनिङहरु**

नेता शर्मा आफ्नो सरकारी जागिर छाडेर माओवादी आन्दोलनमा लाग्नु भएको थियो । माओवादीमा हुँदै नै उहाँ उपेन्द्र यादवको साथमा मधेशी जनअधिकार फोरम नेपाल सामाजिक संस्थाको रुपमा गठन गर्नुभएको थियो । मधेशमा उहाँहरु फोरमका तर्फबाट गतिविधि गरिरहनु भएको थियो । २०६३ मा फोरम पार्टीको रुपमा दर्ता भयो, त्यसपछि रामकुमार शर्मा माओवादी छाडेर फोरममै बस्नुभयो । फोरमले सुरु गर्नुभएको थियो मधेश आन्दोलनमा नेता शर्मा सक्रिय हुनुहुन्थ्यो । सोही क्रममा २०६४ भदौं १३ गते फोरम र सरकार बिच २२ बुँदे सम्झौता भएको थियो । सम्झौतामाथि चित्त नबुझेपछि भाग्यनाथ गुप्ता, जितेन्द्र सोनल, किशोर विश्वासलगायतका नेताहरुको साथमा नेता शर्मा पनि फोरमबाट अलग हुनुभएको थियो । त्यही बेला महन्थ ठाकुर, विजयकुमार गच्छदार, जेपी गुपलगायतका नेताहरु काँग्रेसबाट अलग भएर तराई मधेश लोकतान्त्रिक पार्टी गठनको तयारीमा लाग्नु भएको थियो ।

रामकुमार शर्माहरु पनि सोही पार्टीमा समाहित हुनुभयो । २०६४ को पहिलो संविधानसभा चुनाव जित्नु भएका रामकुमार शर्मा २०६६ मा तमलोपा त्यागेर माओवादीमा प्रवेश गर्नुभएको थियो । त्यतिबेला उहाँले संविधानसभा सदस्यबाट पनि राजिनामा दिनु भएको थियो । उहाँ १४ वर्षसम्म लगातार माओवादीमा रहनुभयो । माओवादीमा रहँदा उहाँले मधेशका लागि पटक पटक आवाज उठाउनु भएको थियो । कहिले समूहमा त कहिले एक्लै पनि माओवादीका अध्यक्ष प्रचण्डलाई ज्ञापनपत्रहरु दिइरहनु भएको थियो । विघटन भएको राष्ट्रिय मधेशी मुक्ति मोर्चालाई पनि पुनर्गगठन गर्न प्रयास पनि उहाँले गर्नुभएको थियो । त्यसका लागि अध्यक्ष प्रचण्डसँग पटक पटक उहाँले कुरा गर्नुभएको थियो । तर कुनै सुनुवाई भएन । उनी अन्तिम पटक प्रचण्डलाई भन्नुभएको थियो, 'मलाई कुनै एउटा जिम्मेवारी दिनुस् नभए पार्टी छाड्छु ।' र त्यो कुराको सुनुवाई नभएपछि उहाँले पार्टी छाड्नु भयो । पार्टीमा रामकुमार शर्माले थुप्रै फाइदा लिएको कुरा अहिले आएर खुल्दै गइरहेको छ ।

रामकुमार शर्मा तमलोपाबाट संविधान सभा सदस्य त्याग गरेर माओवादीमा प्रवेश गरेपछि सो पार्टीले उहाँलाई हरेक कुराको सुविधा दिएको थियो । खासमा त्यतिबेला उहाँ प्रचण्डको खास मान्छे बन्नुभएको थियो । प्रचण्डले उहाँलाई गाडीको सुविधादेखि अन्य आर्थिक सहयोग पनि गर्नुभएको थियो । पछि त उहाँलाई जनकपुर बृहतर विकास कोषको अध्यक्ष नै बनाई दिनुभयो । त्यसपछि २०७४ को चुनावमा उहाँको श्रीमती इन्दु शर्मालाई समानुपातिक सांसद पनि बनाइएको थियो ।

२०७९ को चुनावमा पनि उहाँले श्रीमतीलाई समानुपातिक सांसद बनाउन माग गर्नुभएको थियो । श्रीमती नभए पनि आफूलाई नै बनाउन उहाँले पार्टीका अध्यक्ष प्रचण्ड समक्ष दबाव दिनुभएको थियो । यहाँसम्म कि पछिल्लो समय भएको राष्ट्रिय सभा चुनावमा पनि उहाँले आफूलाई उम्मेदवार बनाउन प्रधानमन्त्री प्रचण्डलाई दबाव दिनुभएको थियो । तर प्रचण्डले नेता रामकुमार शर्माको कुनै डिमाण्ड पुरा नगरेपछि उहाँ पार्टी छाडेर निस्किनु भयो । उहाँ जसपामा जाने निश्चित भइसकेको छ । तर उहाँ पार्टीमा एक्लै जानु हुन्न । मधेशमा उहाँ माओवादी केन्द्रका अन्य नेताहरुसँग सम्पर्क गरिरहनु भएको छ । उहाँहरुलाई कन्भिन्स गरिरहनु भएको छ । केही वरिष्ठ नेताहरुलाई लिएर नै जसपामा प्रवेश गर्ने उहाँको तयारी छ । तर हालसम्म रामकुमार शर्मासँग कुनै पनि नेता जान तयार देखिएको छैन । उहाँले सप्तरीका उमेश यादवलाई पनि जसपामा ल्याउने प्रयास थाल्नु भएको छ ।







# जीवन साथीको खोजीमा नोरा



बलिउडकी डान्सिङ गर्ल नोरा फतेही यतिबेला बिहे गर्ने सुर कसिरहेकी छिन् । विवाहका लागि आफूले इमानदार र सुन्दर जीवनसाथी खोजिरहेको नोराले हालै एक अन्तरवार्तामा भनेकी हुन् । भारतीय सञ्चारमाध्यमलाई दिएको एक अन्तर्वार्ताको क्रममा उनले आफ्नो व्यक्तिगत जीवन अनि विवाहप्रतिको धारणाबारे खुलेर कुरा गरेकी छिन् । आफ्नो जीवन साथीमा कुन-कुन गुण हेर्न चाहन्छिन् भनेर सोधिएको प्रश्नमा नोराले कयौँ विषयमा आफ्नो सोच्ने तरिका पूर्णरुपमा बदलिएको भए पनि प्रेम र विवाहबारे धारणा पुरानो धारणा रहेको अनि बिहे गरेर घर बसाउन चाहेको बताएकी छिन् ।

'म भगवानप्रति विश्वास गर्ने जीवन साथीको खोजीमा छु,' उनले भनेकी छिन् । अझ अगाडि नोरा भन्छिन्, 'मेरो लागि पैसा पछिको कुरा हो । त्यो भन्दा पहिले व्यक्तिको मन राम्रो हुन जरुरी छ । साँच्चै भन्ने हो भने आजको संसारमा स्वार्थी मानिसहरू धेरै छन् । यिनीहरू अरूबाट फाइदा लिन खोज्छन्, फाइदा मिल्दासम्म केही वर्ष सँगै बस्छन् अनि जान्छन्,' नोराले भनेकी छिन् ।

नोरा फतेही बिहे गरेर घरजम बसाउन तयार छिन् । नायिका भन्छिन्, 'चार-पाँच वर्षअघि जीवनसाथी बारे मेरो विचार निकै सतही थिए । अहिले म धेरै फेरिएको छु । एक आदर्श व्यक्तिबारे फरक दृष्टिकोण विकास भएको छ ।' पहिले आफूले गलत चीजहरू खोजिरहेको पनि उनले बताइन् । यतिबेला चाहिँ उनी एउटा इमानदार जीवन साथीको खोजीमा छिन्, जो सुन्दर पनि होस् । नोरा हालै कमेडी फिल्म 'मडगाउँ एक्सप्रेस'मा देखिएकी थिइन् । यो फिल्ममा उनको भूमिकालाई दर्शकले निकै रुचाएका थिए । (एजेन्सी)



## प्रियंका र परिणिती बिच मनमुटाव

बलिउड अभिनेत्री प्रियंका चोपडा यतिबेला भारतमा छिन् । अमेरिकाबाट भारत आउनासाथ उनी चर्चामा छिन् । उनी भारत आएपछि होली पाटीमा उपस्थितिदेखि अयोध्यामा रामलिलाको दर्शन गर्ने कामसम्म पुरा गरिसकेकी छन् ।

हालैमात्र उनी आफन्त मन्नारा चोपडाको जन्मदिन पाटीमा पुगेकी थिइन् । प्रियंकाले मन्नाराको परिवारसँग भेटिरहँदा त्यहाँ परिणीति चोपडालाई भने भेटिनन् । परिणीतिलाई नै प्रियंकाले नभेटेपछि उनीहरुबीच सम्बन्ध बिग्रिएको चर्चा चुलिएको छ । उनीहरु निकटवर्तीका अनुसार प्रियंका र परिणीति एकअर्कासँग टाढिँदै गएका छन् ।

परिणीति र प्रियंका एकै सहरमा भएपनि उनीहरुले एकापसमा भेटघाट गरेका छैनन् । परिणीति प्रियंकासँग दुःखी छिन् ।



# ज्याकलिन नेपाल आउने

बलिउड अभिनेत्री ज्याकलिन फर्नान्डिज नेपाल आउने भएकी छिन् । काठमाडौँमा आयोजना हुन लागेको ज्वेलरी रनवेमा र्याप वाक गर्न उनी चैत १६ गते नेपाल आउन लागेकी हुन् । आरबी डायमन्ड ज्वेलर्सले आफ्नो २७ औं वार्षिकोत्सवको अवसरको मौका पारेर काठमाडौँमा आयोजना गर्न लागेको ज्वेलरी फेसन रनवेमा ज्याकलिनले शो स्टपर रुपमा र्याप वाक गर्ने भएकी छिन् ।

# सारालाई राजनीतिमा रुची

बलिउड अभिनेत्री कंगना रनावत आफ्नो दमदार अभिनयले बलिउडमा नाम कमाइन् । यी अभिनेत्री प्रायः राजनीतिक मुद्दामा आफ्नो भनाइ राख्दै चर्चामा आउँछिन् । उनलाई बीजेपीले लोकसभा चुनाव २०२४ मा हिमाञ्चल प्रदेशको मण्डी सिटबाट टिकट दिइसकेको छ । यही बेला अर्की अभिनेत्री सारा अलीखानले पनि राजनीतिम आउने कुराको सङ्केत दिएकी छन् ।

हालैको एक अन्तरवार्तामा उनले राजनीतिमा आउने कुरालाई नकार्न नसकेको कुरा बताएकी छन् । उनलाई 'के उनी भविष्यमा राजनीतिमा आबद्ध हुन्छिन् ?' भनी नेटफ्लिक्स इन्डियाले सोधेको प्रश्नमा उनले सकारात्मक जवाफ दिएकी छन् । 'हो म भविष्यमा राजनीतिमा पाइला चाल्नका लागि सोच्न सक्छु,' उनले भनेकी छन् । साराले राजनीतिमा आउने चाहना राखेको यो पहिलोपटक होइन । उनले सन् २०१९ मा एक अन्तरवार्तामा पनि भविष्यमा राजनीतिको चासो बारे आफ्ना धारणा सार्वजनिक गरेकी थिइन् ।

'मसँग इतिहास र राजनीति शास्त्रको डिग्री छ । त्यसकारण म जुनसुकै समयमा राजनीतिमा प्रवेश गर्न सक्छु । यो मेरा लागि ब्याकअप विकल्प हुने छैन । उद्योगमा जबसम्म काममा सक्रिय हुन्छु, त्यही समयसम्म अभिनय नै रहन्छ । तर समय आउनासाथ राजनीतिलाई पनि साथमै लानेछु', उनले भनेकी छन् । हालैमात्र सारा अभिनीत ' मर्डर मुबारक' र 'ऐ मेरे वतन के लोगो' ओटीटीमा रिलिज भएको थियो ।

## स्वतन्त्र मधेशदेखि...

संसददेखि सार्वजनिक मञ्च, सञ्चारमाध्यममा सरकार तथा गठबन्धनको खर्रो आलोचना गर्न थाल्नुभयो । त्यसपछि बनेका माओवादी र एमालेको नयाँ गठबन्धनमा जनमत सहभागी भएन ।

**नौलो गणतन्त्र**

जेठ १५ गते गणतन्त्र दिवसकै दिनदेखि नौलो गणतन्त्रका लागि आन्दोलनको सुरुवात गर्ने गरी त्यही काठमाडौँमा शक्ति प्रदर्शन गर्ने भएको छ । त्यसका लागि जनमत पार्टीले भृकुटीमण्डपमा आमसभाको आयोजना गर्ने भएको छ । हरेक गाउँगाउँमा पार्टीका नेता तथा कार्यकर्ताहरु 'नौलो गणतन्त्र' प्रचारमा जुटेका छन् । नौलो गणतन्त्र किन ? भनि प्रचार गर्दै २०८१ जेठ १५ गते काठमाडौमा हुने आमसभामा सहभागी हुनका लागि आग्रह समेत गरिरहेका छन् ।

भ्रष्टाचार मेटाऔं, दलतन्त्रको तानाशाही हटाऔं, जनताको अधिकार जनताकै हातमा दिऔं, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीसहित "नौलो गणतन्त्र र सामाजिक लोकतन्त्र ल्याऔं' भनि नारा दिएर जनमत पार्टी त्यसको आन्दोलनको तयारीमा जुटेको छ ।

जनमत पार्टीका अध्यक्ष डा.सिके राउत भन्नुहुन्छ, जनताको जनसम्प्रभुता फर्काउन र पार्टी र नेताहरूको बन्धक र सिन्डिकेटबाट देशलाई मुक्त गराउन यो नौलो गणतन्त्रका लागि आन्दोलनको आवश्यकता परेको हो ।' यो अभ्यास नेपालका लागि नौलो भए पनि विश्वका थुप्रै देशमा यो अभ्यास भइसकेको बताउँदै उहाँले यही गणतन्त्रलाई सुधार र परस्कृत गर्दै नौलो गणतन्त्र स्थापना गर्ने आफूहरुको लक्ष्य रहेको बताउनुभयो ।


फ्रान्समा अहिले पाँचौं गणतन्त्र चलिरहेको छ । क्रान्तिको जननी मानिने फ्रान्सेली क्रान्तिपछि त्यहाँ पहिलो गणतन्त्र स्थापना भएको थियो भने सन् १९५८ पछि गणतन्त्रमा विभिन्न सुधार गर्दै पाँचौं गणतन्त्र स्थापना भएको छ भने नेपालमा किन सम्भव छैन भने सिके राउतको विश्लेषण छ । नौलो गणतन्त्रमा जनताले आफ्नो शासनको प्रत्यक्ष अनुभूती गर्ने बुझाई जनमत पार्टीको रहेको छ । हरेक कुरा जनताको निर्णयबाट मात्र हुने कुनै पनि कुरामा अकुंश नलगाउने कुरा नौलो गणतन्त्रमा हुने जनमत पार्टीले जनाएको छ ।

जनमतको बुझाई अनुसार नेपाल जस्तो देशमा दुई वटा सदनको आवश्यकता छैन । जनताले समेत मत जाहेर गरेर ऐन तयार हुने गरी व्यवस्थाको एक सदनात्मक संसद हुनुपर्छ । जनमत पार्टीले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री मात्र होइन नौलो गणतन्त्रमा निर्वाचन अधिकृत, महालेखा परीक्षक, न्यायाधिवक्ता र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख पनि प्रत्यक्ष निर्वाचित हुनुपर्छ ।

सबै विभागीय मन्त्रालयहरु खारेज गरेर प्रधानमन्त्रीद्वारा कार्यक्षेत्र विशेषज्ञताको आधारमा विशेषज्ञहरू नियुक्त गरेर विभागीय काम कारबाही गराउने व्यवस्था नौलो गणतन्त्रमा हुने जनमतको बुझाई छ । प्रदेशमा मुख्यमन्त्री र उपमुख्यमन्त्री प्रत्यक्ष निर्वाचित हुने तर मन्त्रीहरु नहुने व्यवस्था नौलो गणतन्त्रमा हुने जनमतले जनाएको छ । मुख्यमन्त्रीले कर्मचारीहरुबाट विभागीय कामहरु गराउने छन् ।

सर्वोच्च अदालतमा प्रधानन्यायाधीश सहित सात जना न्यायधिश मात्र हुनुपर्छ, । कर्मचारीतन्त्रमा दलीयकरण हुँदैन, देशको सम्पूर्ण उत्पादन प्रणाली निजी क्षेत्रको हातमा दिने र राज्यले त्यसको नियमन गर्ने काम नौलो गणतन्त्रमा हुने जनमत पार्टीले जनाएको छ ।

यसका लागि दुई चार दिन सडक आन्दोलन गरेर हुँदैन, जनमत पार्टीका अध्यक्ष राउनले भन्नुभयो, 'व्यवस्था बदल्न र शीर्ष नेताहरूको सिन्डिकेट तोड्न २-४ दिनको सडक प्रदर्शनले सफल हुने छैन । यसमा वर्षौं लाग्न सक्छ । आन्दोलनका अनेकौं चरणहरू पार गर्नुपर्ने हुन्छ । राज्यबाट अनेकौं धरपकड, जेलचलान र यातनासमेत भोग्नुपर्ने हुनसक्छ । २-४ दिनको र्‍यालीले पुराना दलहरूले राज्यसत्ता छोडिदेलान् भनेर परिकल्पना पनि गर्न सकिँदैन ।' जनमत पार्टीका अध्यक्ष सिके राउत स्वतन्त्र मधेशबाट सुरु गरेको यात्रा गणतन्त्रदेखि नौलो गणतन्त्रसम्मका लागि तय गर्नुभएको छ । उहाँ त्यसको तयारीमा जुटि सक्नुभएको छ ।



■ गंगाप्रसाद यादव

# गाउँको निरकुंश शासक विरुद्ध राजनीतिक रोजे गंगाप्रसाद

सिरहा वस्तीपुर लहान-१३ का गंगाप्रसाद यादव जो एमाले पार्टीको तर्फबाट प्रतिनिधि सभाको सदस्य हुनुहुन्छ र एमालेको केन्द्रीय सदस्य । २०३५ मा एसएलसी पास गरेपछि उहाँलाई लागेका थिएन कि यसरी फुलटाइमर राजनीतिमा आउँछु । स्कूलमा पढ्दा नै उहाँलाई राजनीति बारे समान्य ज्ञान भइसकेको थियो तर राजनीति गर्ने इच्छा उहाँको थिएन । एसएलसीको परीक्षा दिएर घरमा बसिरहेको बेला एक दिन उहाँका दाजुको साथी शिवराज चौहान जो झापाको हुनुहुन्थ्यो । उहाँ राजविराजाबाट सिरहाको लहान फुलवाइर मेला हेर्न आउनु भएको थियो ।

मेला हेर्न आएको मौकामा शिवराज चौहान गंगाप्रसाद यादवको घरमा एक रात बस्नुभयो । शिवराज चौहान गंगाप्रसाद यादवको दाजु साथी हुनुहुन्थ्यो । राती गंगाप्रसाद यादव र शिवराज चौहान एकै ठाउँमा सुत्नुभएको थियो । त्यो सुताइको क्रममा शिवराज चौहानले विभिन्न राजनीतिक कुरा गर्नुभएको थियो । उहाँ दुई जनाको बिचमा राजनीतिको विषयमा लामो कुराकानी भएको थियो ।

जुन कुराबाट गंगाप्रसाद यादव प्रभावित हुनुभएको थियो । गंगाप्रसाद भन्नुहुन्छ, 'मलाई स्कुलदेखि नै राजनीतिका केही कुराको ज्ञान थियो, तर राजनीति नै गर्नुपर्छ भनि हिम्मत थिएन, तर जब शिवराज दाजुको कुरा सुने उहाँले दिएका तर्क र विचारको मनन गरेपछि त्यही दिनदेखि मलाई राजनीतिप्रति रुची बढ्न थाल्यो ।' हुनत २०३६ मा भएको जनमत संग्रहमा बहुदलको पक्षमा नाराबाजी गरेको आफूलाई अझै याद रहेको बताउनुभयो । तर सक्रिय राजनीतिमा संलग्न हुनुभएन । सिरहा क्याम्पसमा उच्च शिक्षाका लागि भर्ना भएपछि उहाँको सम्पर्क तत्कालिन अनेरास्ववियु पूर्वाञ्चल क्षेत्रीय कमिटीको सदस्य तुलसीराम आचार्य (राजा)सँग उहाँको सम्पर्क भएको थियो ।

तुलसीरामको हातबाट अनेरास्ववियुको सदस्यता लिनुभएका गंगाप्रसाद विद्यार्थी राजनीतिमा सक्रिय हुनुभएको थियो । उहाँ त्यहाँ राजनीतिमा मात्र सक्रिय हुनुभएन । क्याम्पसमा स्ववियुको चुनाव पनि लड्नुभयो । अनेरास्ववियु छैठौंबाट सिरहा क्याम्पसको स्ववियुको सदस्यमा उहाँ चुनाव जित्नुभएको थियो । विद्यार्थी राजनीतिमा त्यहाँ सक्रिय भएपनि राजनीतिलाई कहिल्यै सिरियस नलिएको बताउँदै उहाँले सिरहा क्याम्पसबाट इन्टर पास गरेपछि पढाईलाई निरन्तरता दिइन नसकिएको बताउनुभयो ।

**शिक्षामा रुची**

खेती किसानीबाट घर चल्ने भएकाले घरको आिर्थक अवस्था त्यति राम्रो थिएन । आफूभन्दा साना भाइ र बहिनी पनि पढीरहेका थिए, उनीहरुलाई पढाउने लगाउने जिम्मेवारी गंगाप्रसाद यादवकै काँधमा आएको थियो । करण थियो, घरमा त्यति पढेका लेखेका कोही पनि थिएनन् । शिक्षाको बारेमा घरमा त्यति छलफल हुँदैन्थ्यो । जसलाई मन लाग्छ भने पढोस्, मन नलागे नपढोस् । गंगारामका बुवा तीन दाजु भाइ हुनुहुन्थ्यो । कोही पनि पढ्नु भएको थिएन । त्यो घरमा पढाई लेखाईको सुरुवात नै गंगाप्रसादबाट भएको थियो ।

पढाइ लेखाइमा बुवाभन्दा गंगारामको हजुरबुवाको बढी चासो हुन्थ्यो । गंगाराम भन्नुहुन्छ, 'त्यही चासोको कारण म क्याम्पससम्म पुगेको थिए ।' गंगारामको प्राथमिक शिक्षाको पढाई गुरुजीबाट भएको थियो । भारतबाट आउनु भएको गुरुजी गाउँमा पढाउनु हुन्थ्यो । त्यही गुरुजीबाट गंगारामले चार कक्षासम्म पढ्नु भएको थियो । त्यतिबेला स्कूलको अँग्रेजी पढाई भन्दा गुरुजीको पढाईलाई बढी महत्व हुन्थ्यो । तर त्यो पढाई भविष्यमा काम लाग्दैन त्यो कुराको पनि जानकारी थियो र गाउँमा चर्चा पनि हुन्थ्यो ।

त्यसपछि उहाँ वस्तीपुर हाइस्कुलमा चार कक्षादेखि पढ्न थाल्नुभयो । घरबाट स्कूल नजिकै थियो । उहाँ हिडेर पढ्न जानुहुन्थ्यो । पढाईमा उहाँ राम्रैमा पर्नुभएको थियो । २०३५ सालमा उहाँ सेकेण्ड डिभिजनले एसएलसी पास गर्नुभएको थियो । एसएलसी पास गरेर ओभरसियर वा अहेबमध्ये एउटा कुनै पढ्ने उद्देश्यले उहाँ काठमाडौं आउनु भएको थियो । तर उहाँले कुनैमा नाम निकाल्न सक्नु भएन । अनि काठमाडौंबाट घर फर्किनुभयो । ओभरसियर, अहेब पढ्ने चक्करमा अरु पढाइको समय पनि गुज्रि सकेको थियो । एक वर्ष त्यतिकै खेर गएको थियो उहाँको ।

एक वर्षपछि मात्र उहाँ आइएड पढ्नका लागि सिरहा क्याम्पसमा भर्ना हुनुभएको थियो । दुई वर्ष लगाएर उहाँ आइएड पास गर्नुभयो । तर आइएडको रिजल्ट आउनुभन्दा पहिला नै उहाँ जागिरमा गइसक्नुभएको थियो ।

**घरेलुको जागिर**

आइएडको फाइनल परीक्षा दिनुभएको थियो । त्यही बेला गोरखाको घरेलु तथा ग्रामिण उद्योग विकास समितिमा खरिदार पदमा विज्ञापन निस्केको थियो । त्यसमा उहाँले फर्म भर्नुभयो । परीक्षा भयो उहाँ पास गर्नुभयो र त्यहाँ जागिर पाउनुभयो । आइएड पढेपछि उहाँलाई थप पढ्ने इच्छा थियो तर घरको अवस्थाका कारण उहाँ जागिर रोज्नुभयो । भाइ र वहिनीहरु पढ्ने लेख्ने भएपछि अब उनीहरुलाई आफूले पढाउनु पर्छ भन्दै उहाँले आफ्नो पढाई त्यागेर जागिरमा लाग्नुभएको थियो ।

भाइ शक्तिराम यादव राम्रै पढ्नु भयो । पढाई चलिरहेकै अवस्थामा बहिनीहरुको विहे भएको थियो । तर गंगारामले भाइ वहिनीहरुको पढाई लेखाइमा कुनै कसर बाँकी राख्नुभएको थिएन । गंगाप्रसाद यादवले गोरखामा मोटोमोटी तीन वर्ष जागिर गर्नुभयो । २०४३ मा स्थानीय चुनाव हुने भएपछि उहाँले जागिर छाडेर गाउँ फर्किनुभयो । क्याम्पसमा पढ्दासम्म गंगाप्रसादले राजनीतिमा हुनुहुन्थ्यो तर जब उहाँ जागिरमा जानुभयो । राजनीतिसँग कुनै मतलब राख्नुभएन । वैचारिक हिसाबले उहाँ कम्युनिष्ट नजिक हुनुहुन्थ्यो तर गोरखामा जागिरमा हुँदा कहिले कुनै राजनीति गतिविधिमा संलग्न हुनुभएन । उहाँ भन्नुहुन्छ, 'म जागिरमा थिए, इमान्दारीपूर्वक आफ्नो काम गर्थे त्यतिबेला मलाई राजनीतिसँग कुनै मतलब थिएन तर म अन्याय र अत्याचारको विरोधी थिए ।'

**गाउँको शासकसँग प्रतिस्पर्धा**

उहाँको वस्तीपुर गाउँमा गिरी परिवार शासन चल्थ्यो । तुलसी गिरी, प्रकाश गिरी, प्रदीप गिरीहरुको त्यहाँ शासन चल्थ्यो । उहाँहरुको आफ्नै कानुन हुन्थ्यो । उहाँहरुको त्यहाँ हुकुमत चल्थ्यो । जुन कुराबाट गंगाप्रसाद सानैदेखि अबगत हुनुहुन्थ्यो । गिरी परिवारको हुकुमतलाई गंगाप्रसादले नजिकबाट हेर्नुभएको थियो । त्यसबाट पुरै गाउँ मात्र होइन त्यस वरपरका गाउँ पनि पिडित थिए तर त्यसको विरुद्धमा कसैले आवाज उठाउन सकिरहेको थिएन ।

जहिले जे गरेर पनि त्यही परिवारबाट प्रधानपञ्च हुन्थे । र, उहाँहरुले आफ्नै तरिकाले गाउँ चलाउनु हुन्थ्यो, शासन गर्नुहुन्थ्यो । त्यहाँका गाउँका गरिब, निमुखाहरुसँग दास जस्तो व्यवहार गर्थ्यो । त्यो दासत्वको विरुद्ध गंगाप्रसाद यादवको मनमा आगो दन्किरहेको थियो तर आगो ओकल्ने मौकाको तलाशमा हुनुहुन्थ्यो । त्यो मौका चुनाव भन्दा अर्का कुनै मौका हुनै सक्दैन भने उहाँ जागिर छाडेर गाउँ फर्किनु भएको थियो । गोरखामा जागिर गरिरहेको बेला २०४३ सालमा स्थानीय चुनावको घोषणा हुँदा उहाँको मनमा एकाएक कुरा आयो कि चुनावमा गिरी परिवारलाई हराउनुपर्छ । र उहाँले जागिर छाडेर गाउँ फर्किनु भएको थियो । उहाँले प्रधानपञ्चमा चुनाव लड्ने भनि गाउँमा सल्लाह गर्नुभयो । प्रधानपञ्चमा जगतबहादुर राउतका छोरा अरुणकुमार राउतले पनि चुनाव लड्ने मनसाय बनाउनु भएको थियो ।

गिरी परिवारको विरुद्ध चुनाव लड्ने भनि गंगाप्रसादको अडानले गर्दा घरमा सबै डराएका थिए । गिरी परिवारको विरुद्ध चुनाव लड्दा के हुने हो भनि चिन्ता सबैमा थियो । गंगाप्रसादलाई चुनाव नलड्न भनिरहेको थियो तर उहाँ आफ्नो अडानमा हुनुहुन्थ्यो । जागिर छाडेर चुनाव लडेर गिरी परिवारसँग दुश्मनी लिइरहेको कुरामा परिवारका सदस्यलाई चित्त बुझिरहेको थिएन । जागिर छाडेकोमा कसैलाई कुनै गुनासा थिएन तर जागिर छाडेर गिरी परिवारसँग भिडिरहेको कुरामा परिवारका अन्य सदस्यको चिन्ता थियो तर गंगाप्रसाद यादवलाई उहाँको हजुर बुवाले साथ दिइरहनु भएको थियो ।

उता गिरी परिवारबाट प्रकाश गिरीले पनि घोषणा गरिसक्नुभएको थियो । गिरी परिवारको विरुद्धमा दुई जना होइन एक जनाले मात्र उम्मेदवारी दिनुपर्छ अनि मात्र सकिन्छ नत्र एक्ला एक्लै चुनाव लडेपछि हारिन्छ । गंगाप्रसाद भन्नुहुन्छ, 'गाउँमा सल्लाह भयो कि जगतबहादुर राउतका छोरा अरुणकुमार राउत प्रधानपञ्च र मलाई उपप्रधानपञ्चमा उम्मेदवारी दिनुपर्छ । गाउँकै सल्लाह छ भने मान्नु पर्‍यो भनेर नै म त्यतिबेला उपप्रधानपञ्चमा उम्मेदवारी दिएका थिए ।' तर अरुण राउत पाँच मतले प्रधानपञ्चमा चुनाव हार्नुभयो तर गंगाप्रसाद यादव उपप्रधानपञ्चमा चुनाव जित्नुभयो । प्रधानपञ्चमा प्रकाश गिरी नै पुनः चुनाव जित्नुभयो ।

प्रकाश गिरी प्रधानपञ्चमा चुनाव जिते पनि सबै काम गंगाप्रसादले गर्न थाल्नुभयो । प्रकाश गिरी पहिलादेखि चुनाव जिते पनि कहिले गाउँपञ्चायतको कार्यालयमा जानु हुन्थेन । आफ्नै घरबाट गाउँपञ्चायत चलाउनु हुन्थ्यो । जेजति काम हुन्थ्यो उहाँकै घरबाट नै हुन्थ्यो । तर जब उपप्रधानपञ्चमा गंगाप्रसाद जित्नुभयो अनि उहाँ नियमित रुपमा गाउँपञ्चायतको कार्यालय बस्न थाल्नुभयो । उहाँ कार्यालयमा बस्न थालेपछि जनतासँग सम्पर्क त्यहाँ बढ्न थाल्यो । गाउँपञ्चायतबाट हुने कामहरु त्यहीबाट हुन थाल्यो । कार्यालयमा आउजाउ हुन थाल्यो । प्रकाश गिरीले पनि गंगाप्रसादले काम गरोस् भनि छाड दिनुभयो । कामको बोझ कम भएपछि प्रकाश गिरीका लागि राम्रै भएको थियो ।

तर जनता पनि गंगाप्रसादसँग जोडिदैछन्, जनतामा गिरी परिवारबाट भरोस टुट्दै गंगाप्रसादसँग जोडिदैछन् भन्ने कुराको हेक्का प्रकाश गिरीलाई थिएन । नागरिकता टोली आएपछि गंगाप्रसादले अधिकाँश व्यक्तिलाई नागरिकता दिलाउनु भयो जो यसअघि त्यस्तो कहिले भएको थिएन । गंगाप्रसाद भन्नुहुन्छ, 'प्रकाश गिरी वा सो परिवारबाट जो कोही प्रधानपञ्च भएपछि नागरिकताका लागि हतपत सिफारिस गर्दैन्थे, यहाँका सर्वसाधारणले नागरिकता पाएपछि बाहिर एक्सेस बढ्छ, आफ्नो अधिकार र पहिचानको कुरा गर्न थाल्छन् त्यसपछि आफूहरुलाई टेर्दैन भनेर नै जानी जानी नागरिकताका लागि पहल गर्दैन्थे ।' गंगाप्रसाद उपप्रधानपञ्च भएपछि धेरैले नागरिकता प्राप्त गरेका थिए । जो पहिला हुँदैन्थ्यो ।

**राष्ट्रिय एकता मञ्च**

गंगाप्रसाद उपप्रधानपञ्च भएकै बेला प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चसँग जोडिनुभयो । त्यो मञ्च माले पार्टीले गोप्य रुपमा खुल्ला मोर्चाको रुपमा खोलेको थियो । सो मञ्चको सिरहा जिल्ला उपाध्यक्ष पनि बन्नुभयो । त्यति नै बेला २०४६ को जनआन्दोलन सुरु भयो । तत्कालिन मालेले आन्दोलनका लागि सगरमाथा एक्सन कमिटी गठन गरेको थियो । त्यतिबेला गंगाप्रसादलाई सगरमाथा अञ्चल कमिटीको सदस्य बनाइएको थियो । जनआन्दोलनकै लागि त्यतिबेला कम्युनिष्ट पार्टीहरु मिलेर वाम मोर्चा बनाइएको थियो । त्यसको पनि उहाँ सदस्य हुनुहुन्थ्यो । उता, काँग्रेस र वाम दहहरु मिलेर बनाएको मोर्चाको सदस्य पनि उहाँ हुनुहुन्थ्यो ।

उनी उपप्रधानपञ्च भएपछि पनि जनआन्दोलनमा होमिनु भएको थियो । त्यतिबेला सिरहाका रुद्रप्रसाद गिरी मन्त्री हुनुहुन्थ्यो । सूर्यप्रसाद सेन ओली सगरमाथा अञ्चलको अञ्चलाधिश हुनुहुन्थ्यो । दुवै जनाले आन्दोलन रोक्ने निकै प्रयास गर्नुभएको थियो । तर उहाँहरुको केही चलेन । आन्दोलन सफल भयो । आन्दोलनपछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो ।

**संसदमा लड्ने रुची**

२०४८ मा आम चुनाव हुने भयो । सो चुनावमा आफू पनि लड्ने भनि उहाँले घोषणा गर्नुभयो । उम्मेदवारी पनि दर्ता गराउनुभयो । तर त्यहाँ सल्लाह भयो यसरी कम्युनिष्ट पार्टीहरु एक्लै एक्लै चुनाव लडे भने पार्टीहरु कहिले शक्ति आउँदैनन् । क्षेत्रमा सल्लाह एक क्षेत्रमा एउटा कम्युनिष्ट पार्टीले मात्र उम्मेदवार उठाउन पाउँछ भनि निर्णय भयो । सिरहा क्षेत्र नम्बर १ जहाँ गंगाप्रसादले उम्मेदवारी दर्ता गराइ सक्नुभएको थियो । त्यहाँ नेकपा संयुक्तका उम्मेदवार चन्द्रशेखर लाल कर्णल टिकट पाउनुभयो । तर चन्द्रशेखर चुनाव हार्नुभयो र पदमनारायण चौधरी चुनाव जित्नुभयो । त्यसपछि २०४९ मा भएको स्थानीय तहको निर्वाचनमा उहाँ गाउँ विकास समिमिको अध्यक्षमा चुनाव लड्ने घोषणा गर्नुभयो । उहाँले चुनाव लड्नु भयो तर पराजित हुनुभयो ।

काँग्रेसबाट एकराज दाहाल चुनाव जित्नु भएको थियो । तर चुनावमा धाँधली भएको दावी गंगाप्रसादको रहेको छ । गंगाप्रसाद भन्नुहुन्छ, 'एकराज दाहालले आफ्नो साला केशव कोइरालालाई मतदान अधिकृतमा ल्याउनु भएको थियो, मतगणनामा नै धाँधली गरेपछि म ३३ मतले चुनाव हारेको थिए ।' गंगाप्रसादलाई आफू चुनाव हारेको जस्तो लागेका थिएन । चुनावमा धाँधली भएको कुरा सबैलाई थाह थियो । एकराज दाहालले कसरी चुनाव जित्नुभएको थियो त्यो कुराबाट सबै अवगत थिए ।

बाँकी पृष्ठ १२ मा

# नार्ककै वैज्ञानिकले गरेको अनुसन्धानलाई मान्यता दिएन नार्कले

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का एक वैज्ञानिकले गरेको अनुसन्धान नार्कले नै मान्यता नदिएको सुन्दा तपाईलाई आश्चर्य लाग्न सक्छ तर वास्तवकिता त्यही हो । नार्कका वैज्ञानिक डा.उज्जव कुशवाहाले मकै बालीमा लाग्ने फौजी किरा नियन्त्रण गर्न विकास गरेको प्रविधिलाई नार्कले मान्यता नदिएपछि अहिलसम्म सो प्रविधि अलपत्र अवस्थमा छ । नेपालका किसानले त्यो प्रविधिलाई रुचाई सकेको छ, प्रयोगमा पनि ल्याइरहेको छ तर नार्कले त्यसलाई मान्यता नदिएको कारण अलपत्र अवस्थामा पुगेको छ ।

गाडीका इन्जिनमा प्रयोग हुने ग्रिज मकै बालीमा प्रयोगमा ल्याएपछि फौजी किरालाई नियन्त्रण गर्न सकिने प्रविधिको विकास नार्कका वैज्ञानिक कुशवाहाले गर्नुभएको हो । फौजी किरा नियन्त्रणका लागि वैज्ञानिक कुशवाहा विगत चार वर्षदेखि अनुसन्धान गर्नुभएको थियो र त्यसमा सफल पनि हुनुभयो । तर आफैले काम गर्ने नार्कका सिनियर तथा अन्य विभागका वैज्ञानिकहरुले त्यसको मान्यता नदिएपछि अनुसन्धान अलपत्र परेको हो । वैज्ञानिक कुशवाहा धानका वैज्ञानिक हुनुहुन्छ । तर उहाँले फौजी किरा नियन्त्रणका लागि गरेको अनुसन्धानले धेरै वैज्ञानिकको निन्द हराम भएको छ जसले गर्दा षड्यन्त्र गरेर त्यसलाई पास नै हुन नदिने, मान्यता नै दिलाउन नदिने षड्यन्त्रयमा लागेको बताइएको छ ।

नार्कका अर्का वैज्ञानिक भानुभक्त पोखरेलले ग्रिसबाट फौजी किरा नियन्त्रण गर्ने भनि अनुसन्धान भएको हो तर नार्कले अझै त्यसलाई अनुसन्धानकै क्रममा राखेको बताउनुभयो । उहाँले भन्नुभयो, 'यसको बारेमा राष्ट्रिय मकै बाली अनुसन्धान कार्यक्रम चितवनले अनुसन्धान गरिरहेको छ, यसको सबै अनुसन्धान पुरा भएपछि मात्र नार्कले स्वामित्व लिन्छ ।' यो प्रविधिको बारेमा अझै दुई वर्ष अनुसन्धान हुने बताउँदै उहाँले यसको बारेमा चितवन, नेपालगञ्ज, तरहरा, पाखिबास र डोटीमा अनुसन्धान भइरहेको बताउनुभयो । नार्कका बैज्ञानिकहरुले मकै बालीमा यो प्रविधिलाई प्रयोग गरिरहेको बताउँदै उहाँले पहिलो वर्षमा सकारात्मक नतिजा आएको छ तर अझै अनुसन्धानकै क्रममा रहेको बताउनुभयो । कुशवाहा धानका वैज्ञानिक हुनुहुन्छ । तर उहाँले फौजी किराको बारेमा अनुसन्धान गर्दा नार्कका त्यससँग सम्बन्धित अन्य वैज्ञानिकलाई राम्रो लागेन । उहाँले गरेको अनुसन्धानलाई धेरैले विरोध गरेका थिए । सोही विरोधका कारण नार्कमा उहाँको अनुसन्धान अलपत्र परेको छ । वैज्ञानिक कुशवाहाले भन्नुभयो, 'मैले आफ्नो अनुसन्धानको बारेमा नार्कका तत्कालिन कार्यकारी निर्देशकलाई जानकारी गराएको थिए तर उहाँले त्यति वास्ता नगरेको कारण हालसम्म त्यो अलपत्रको अवस्थामा रहेको छ ।'

यसको अनुसन्धान गर्ने निकाय किट विज्ञान महाशाखा अनुसन्धान केन्द्रका प्रमुख अजय श्रीरत्न बज्राचार्यले वैज्ञानिक कुशवाहाले गरेको अनुसन्धानको बारेमा आधिकारिक जानकारी नआएको दावी गर्नुभयो । उहाँले भन्नुभयो, 'कुशवाहाजीले गर्नुभएको अनुसन्धानको बारेमा मैले पत्रपत्रिकामा पढेको हुँ तर हामी कहाँ आधिकारीक जानकारी आएको छैन, उहाँले नार्कमा कसलाई जानकारी गराउनु भएको छ थाह छैन ।' वैज्ञानिक कुशवाहाले आफूले गरेको अनुसन्धान गरेको प्रविधिको बारेमा बेलायतको चर्चित म्यागजिन 'नेचर जर्नल साइन्टिफिक रिपोर्टसको अनलाइन संस्करणमा पनि प्रकाशित भएको र अन्य ठाउँमा पनि यसको बारेमा अनुसन्धान तथा छलफल भइरहेको बताउनुभयो । नेपालमा पनि थुप्रै ठाउँमा किसानले पनि प्रयोगमा ल्याइरहेका छन्, धेरै ठाउँबाट सकारात्मक प्रतिकृया आएको बताउँदै उहाँले एक दिन यसले अवश्य मान्यता पाउनेमा आफू विश्वस्त रहेको बताउनुभयो । अहिले फौजी किरा नियन्त्रणका लागि थुप्रै केमिकलहरु प्रयोग भइरहेका छन् । त्यो प्रभावकारी देखिएको छैन । यो ग्रिजबाला प्रविधि आएपछि किसानलाई केही राहत हुने विश्वास आफूले लिएको उहाँले बताउनुभयो । मकैको पातमा १०-१५ एमजी ग्रिज लगाएर छाड्नुपर्छ । फौजी किरा त्यो पातमा आएपछि टाँसिएर लड्छन् र त्यसलाई निगेटिभ संकेतको रुपमा लिन्छ र त्यहाँबाट भाग्छन् ।

मकैमा लगाएको खेतको सम्पूर्ण बोटमा ग्रिज लगाउनुपर्छ भन्ने हुँदैन । खेतमा लगाएको मकैको कुल संख्याको बोटको पाँचदेखि १० प्रतिशतजति बोटमा ग्रिज लगाए पुग्ने उहाँले बताउनुभयो । सन् २०१९ तिर सर्लाहीको गोडौला नगरपालिका-५ मा १५ यसको प्रयोग उहाँले गर्नुभएको थियो । उहाँले केही क्षेत्रफलमा अहिले प्रयोग हुँदै आएको ' इमामेबेट्रिन केमिकलको प्रयोग गर्नुभयो भने केहीलाई त्यतिकै छाड्नु भयो भने केहीमा ग्रिजको प्रयोग गर्नुभएको थियो । उहाँले भन्नुभयो, 'यस्तो प्रयोग मैले तीन वर्षसम्म गरे, ग्रिज लगाएको क्षेत्रमा फौजी किरा शून्य भएको पाए तर अरु केमिकल प्रयोग गरेको ठाउँमा पुनः फर्केर आएको थियो ।' यसरी आफ्नो प्रविधिमा सफल भएपछि नार्कमा धेरैजनालाई जानकारी गराए तर सरकारात्मक प्रतिकृया कतैबाट नपाएको उहाँले बताउनुभयो ।

# फेला पर्‍यो गहुँमा लाग्ने रोग

नेपालमा गहुँबालीमा लाग्ने कालो सिन्दुरे रोगको प्रजाति यूजी ९९ को टिटिकेटिटि पहिलोपटक पत्ता लागेको छ । राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटारका वैज्ञानिकहरुले पहिलोपटक यो रोगको प्रजाति नेपालमा पनि देखिएको कुरा पुष्टि गरेका हुन् । उक्त केन्द्रका प्रमुख सुरज बैद्यका अनुसार उक्त केन्द्रका वैज्ञानिकहरुले गत कार्तिक २२ गते देलखाको दांगढुंगे र खरिढुंगाका क्षेत्रहरुमा गाइवस्तुको आहाराको लागि हरियो घाँसको रुपमा खेती गरिएको गहुँको बोटमा रोगको सर्वेक्षणका क्रममा यो प्रजाति भेटिएको हो ।

उक्त स्थानका दुईवटा गहुँबारीबाट संकलित नमूनालाई ग्लोबल रष्ट रिसर्च सेन्टर डेन्मार्कको प्रयोगशालामा परीक्षण गर्दा टिटिकेटिटि नामक यूजी ९९ को प्रजाति देखा परेको बताइएको छ । यूजी ९९ को टिटिकेटिटि प्रजातिले अफ्रिकन देशहरुमा गहुँबालीमा करिब ८० प्रतिशत भन्दा बढी क्षति पुर्‍याएको पाइएको छ । हालसम्म दक्षिण तथा पूर्वी एसियाका देशहरुमा नदेखिएको यो प्रजाति नेपालमा देखिएकोले यो देशभित्र र बाहिर फैलिएमा भविष्यमा यो क्षेत्रका गहुँबालीमा ठूलो क्षति पुर्‍याउनसक्ने आँकलन नार्कका वैज्ञानिकहरुले गरिरहेका छन् ।

गहुँमा लाग्ने रोगहरुमध्ये सिन्दुरे प्रमुख रोग हो । यो तीन प्रकारको हुन्छः तराईमा खैरो, पहाडमा पहेंलो र पहाडमा फाट्टफुट्ट कालो सिन्दुरे रोग देखा पर्दछ । नेपालमा यसअघि कालो सिन्दुरे रोगबारे कुनै तथ्य पत्ता नलागे तापनि करिब २३ वर्षअघि अफ्रिकाको युगाण्डामा यो प्रजातिको व्युत्पत्ति भई गहुँबालीमा ठूलो नोक्सान गरेको थियो ।  त्यसपछि उक्त प्रजाति इथियोपिया, केन्या, सुडान, इरिट्रया, इजिप्ट हुँदै एसियाका इरान, यमन, ओमन, इराक, जोर्डन लगायतका देशमा फैलिएको देखिन्छ । यूजि ९९ लाई टिटिकेएसके नामबाट चिनिने र हालसम्म यसका १५ किसिमका व्युत्पन्न प्रजाति विकसित भइसकेका जनाइएको छ । ती १५ मध्ये टिटिकेटिटि नेपालमा पनि देखिएको हो ।

यो रोग पक्सिनिया ग्रामिनी ट्रिटिसी नामक ढुसीबाट लाग्ने र यो ढुसी हावाको माध्यमबाट सयौं किलामिटरसम्म फैलिने कुरा पुष्टि भैसकेकोले यो रोगलाई नेपालमा फैलिन नदिन रोगको वृहत् सर्वेक्षण, रोग अवरोधक जातको छनोट र रोग व्यवस्थापन प्रविधि पत्ता लगाउन अध्ययन अनुसध्ना गर्नु जरुरी रहेको कुरा वैज्ञानिकहरुले औंल्याएका छन् ।

केन्द्रका प्रमुख सुरज बैद्यका अनुसार विजय, जिंक गहुँ २, बोलोर्क २०२०, मुनाल, च्याखुरा, डाँफे, वाणगंगा, हिमगंगा, तिलोत्तमा, स्वर्गद्वारी, खुमल शक्ति, आदि जातहरुमा यो प्रजाति अवरोधी क्षमता छ । यी बाहेक अन्य अवरोधी जातहरुको विकास गरी समयमै रोगको व्यवस्थापनमा ध्यान दिनुपर्ने वैज्ञानिकहरुको भनाइ छ । राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रका प्रमुख डा. कालिकाप्रसाद उपाध्यायले नेपालमा क्षेत्रफलको आधारमा धान र मकै पछि गहुँको स्थान रहेकोमा नेपालमा गहुँको क्षेत्रफल ९५ प्रतिशत भन्दा बढी नेपालमै अनुसन्धानबाट विकास गरिएका जातहरुले ढाकेका छन् ।

विगत ६० वर्षमा गहुँको क्षेत्रफल ७ गुणा, उत्पादन १५ गुण र उत्पादकत्व २ गुणाले बढेको अवस्थामा यस्ता रोगहरुको बेलैमा व्यवस्थापन गर्नसके उत्पादन अँझै बढाउन सकिने कुरा डा. उपाध्यायले बताए ।





"नियमितदूध सेवन गरौं, रोग प्रतिरोधात्मकक्षमता बढाऔं"

## दूध एक फाइदाअनेक

दूधमाचिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिजपदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुंदादूधलाई एक उत्तमखाद्यपदार्थको रुपमालिईन्छ । चिल्लो पदार्थले शरीरलाई शक्तिप्रदानगर्दछ । ल्याक्टोजले तुरुन्तशक्तिप्रदान गरी शरीरमा स्फूर्ति आई पुनःकाममा सक्रियहुन मद्दत गर्दछ । प्रोटिनले शरीरको कोषिका, तन्तु लगायतशारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदानगर्दछ । दूधमा भिटामिन A, D, E, K, B-Complex पाईन्छन । यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजननक्षमताको विकास गर्ने तथाशारीरिक वृद्धि विकास, हाड तथामांसपेशीहरु मजबुतपार्नुका साथै खानाखाने रुची जगाउँदछ । शरीर बृद्धिको लागिआवश्यकपर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदिदूधमापाईन्छन् । यसले शरीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमापाईने Lactoalbumin र Lactoglobulin ले Immunity powe rबढाउनमा समेत मद्धतगर्दछ ।नेपालको खाद्यनियमावलीअनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्तिप्राप्त हुन्छजसले रोग प्रतिरोधात्मकक्षमताअभिवृद्धि गराउनमा सहयोग पुर्‍याउछ ।

राष्ट्रिय दुग्ध विकास बोर्ड
ललितपुर, नेपाल
फोन. ०१–५५२५४००



## समाचार/विविध

**गाउँको निरकुंश...**

२०५१ मा भएको मध्यावधी निर्वाचनमा पनि गंगाप्रसाद यादव चुनाव लड्ने सोच बनाउनु भएको थियो । तर त्यहीबेला राजेन्द्रप्रसाद चौधरीले आफू चुनाव लड्ने भनि सहयोग गर्नुस् भनि गंगाप्रसादलाई आग्रह गर्नुभएको थियो । पार्टीमा पनि राजेन्द्रप्रसाद चौधरीले कुरा राख्दा गंगाप्रसाद मानेपछि हुन्छ भनिएको थियो । राजेन्द्रप्रसादले गंगाप्रसादलाई आग्रह गर्दा सो टिकट उहाँले पाउनुभएको थियो । तर चुनाव जित्नु भएन । गंगाप्रसाद भन्नुहुन्छ, 'सायद मैले टिकट पाएको भए चुनाव जित्थे जस्तो लागेको थियो, गाउँविकास समितिको चुनाव हारेको कारण मप्रति जनताको सहानुभूती थियो त्यसले पनि चुनाव जित्छु जस्तो लागेको थियो तर पार्टीले राजेन्द्रप्रसादको बारेमा निर्णय गर्‍यो त्यसमा मेरो कुनै आपत्ति थिएन मेरो पुरा सहयोग थियो ।'

२०५४ मा भएको स्थानीय चुनावमा गंगाप्रसादले गाउँपालिकाको लागि टिकट पाउनु भएको थियो । त्यतिबेला प्रदीप गिरीका भतिजो सुरेश गिरीले पनि चुनाव लड्नु भएको थियो । सुरेश गिरी पहिला पनि गाउँपालिकामा चुनाव जित्नु भएको थियो । सुरेश गिरीलाई चुनाव हराउनेमा गंगाप्रसाद ढुक्क हुनुहुन्थ्यो । र त्यस्तै भयो गंगाप्रसाद गाउँपालिका अध्यक्षमा चुनाव जित्नुभयो । गिरी परिवारलाई चुनाव हराएकोमा गंगाप्रसाद निकै खुशी हुनुहुन्थ्यो । उहाँमा एकप्रकारको आत्मसन्तुष्टि थियो ।

२०५६ भएको आमचुनावमा सो क्षेत्रबाट रामचन्द्र यादवले टिकट पाउनु भएको थियो । रामचन्द्र यादव चुनाव जित्नु भएको थियो । रामचन्द्र यादवलाई जिताउनका लागि गंगाप्रसादले निकै मेहनत गर्नुभएको थियो । तत्कालिन राजा ज्ञानेन्द्र शाहले २०६१ माघ १९ गते शासन सत्ता आफ्नो हातमा लिनु भएको थियो । २०६२/०६३ को आन्दोलनको जग त्यहीबाट सुरु भएका थियो । राजाको प्रत्यक्ष शासन सुरु भएपछि स्थानीय तहमा पनि मनोनित गर्ने काम भएको थियो । गंगाप्रसाद यादव जितेको गाउँपालिकामा राप्रपाका रामदयाल महतोलाई अध्यक्षमा नियुक्त गरिएको थियो ।

२०६२/०६३ को आन्दोलन तथा २०६४ को मधेश आन्दोलनपछि २०६५ मा भएको संविधान सभा चुनावमा गंगाप्रसाद यादवले टिकट पाउनु भएको थियो । तर उहाँ त्यो चुनाव पनि जित्नु भएन । तत्कालिन मधेशी जनअधिकार फोरम नेपालबाट लक्ष्मण मेहताले जित्नुभएको थियो । मधेश आन्दोलनका कारण मधेशमा जताततै फोरमको रापताप थियो । त्यही रापतापका कारण आफू पराजित भएको गंगाप्रसाद यादवको बुझाई छ । पाँच वर्षपछि २०७० मा भएको दोस्रो संविधान सभा चुनावमा उहाँले आफै जानी जानी टिकट लिनुभएन । पहिलो संविधान सभा चुनावमा उठेको कारण आर्थिक अवस्था बिग्रेको थियो । त्यही अवस्थामा २०७० मा चुनाव लड्न सकिदैन भनि उहाँले टिकटप्रति त्यति चासो नै दिनुभएन । तैपनि पार्टीले उहाँको नाम समानुपातिक सूचीमा राखि दिएको थियो । यद्यपी समानुपातिकमा उहाँ विजय हुनुभएन । त्यतिबेला प्रत्यक्ष चुनावका लागि पार्टीले राजेन्द्र महतोलाई टिकट दिएको थियो तर नेता महतो पनि चुनाव हार्नुभएको थियो । त्यहाँ काँग्रेसका पदमनारायण चौधरी चुनाव जित्नुभएको थियो ।

२०७४ मा स्थानीय चुनाव हुँदा पार्टीले मुनी साहलाई टिकट दिएको थियो र मुनी साह चुनाव जित्नु पनि भयो । मधेश आन्दोलनको उदगमस्थल जहाँ एमालेसँग टसल चलिरहेको थियो । त्यो स्थानमा पनि एमालेका उम्मेदवारलाई पालिकामा जिताउनु चानचुने कुरा थिएन । मुनी साहलाई चुनाव जिताउनका लागि गंगाप्रसाद यादवले निकै मेहनत गर्नुभएको थियो । उहाँ भन्नुहुन्छ, 'मधेश आन्दोलन भएपनि सिरहामा हाम्रो संगठन राम्रो थियो, खासगरि लहानमा धेरै नै राम्रो थियो मधेश आन्दोलनले त्यो संगठनलाई केही असर गरेन ।'

२०७४ मा भएको प्रतिनिधि सभामा चुनावमा गंगाप्रसाद यादवले प्रदीप गिरीसँग चुनाव लड्नु भएको थियो । त्यतिबेला प्रदीप गिरी चुनाव जित्नु भएको थियो । गंगाप्रसाद भन्नुहुन्छ, 'वामगठबन्धन थियो माओवादीहरुले मलाई मत नै दिएन । तैपनि गिरी परिवारका प्रदीप गिरीसँग प्रतिस्पर्धा गर्नु चानचुने कुरा थिएन । प्रदीप गिरीजीको अहिले निधन भइसक्यो त्यो कुरा उठाउन कति जायज हुन्छ त्यो मलाई थाह छैन तर त्यो चुनावमा प्रदीप गिरीले कति रकम खर्च गर्नुभएको थियो त्यो कुरा अहिले पनि कसैबाट लुकेको छैन ।'

चुनाव हारेपनि गंगाप्रसाद यादवले हिम्मत हार्नुभएको थिएन । २०७९ मा पनि उहाँ प्रतिनिधिसभा चुनाव लड्ने तयारीमा लाग्नु भएको थियो । तर पार्टीले उहाँको नाम समानुपातिकमा राख्यो र रामशंकर यादवलाई प्रत्यक्षमा टिकट दियो । रामशंकर प्रत्यक्षमा चुनाव जित्नुभयो भने गंगाप्रसाद यादव पनि समानुपतिकमा सांसद चुनिनुभयो ।

**एमाले पार्टीमा संलग्नता**

२०४८ को आमचुनाव भन्दा पहिले नै नेकपा मार्क्सवादी र नेकपा माले बिच एकिरण भएर एमालेको बनेको थियो । त्यतिबेला गंगाप्रसाद एमालेको जिल्ला कमिटी सचिवालयको सदस्य बन्नुभएको थियो । एमाले पार्टीमा रहेर संगठनका लागि निरन्तर काम गर्न थाल्नुभयो । घरमा खेती किसान गर्ने र फुलटाइम राजनीति गर्ने गंगाप्रसादको दिनचार्या नै बनिसकेको थियो । केपी शर्मा ओलीको नेतृत्वमा गठन भएको प्रजातान्त्रिक राष्ट्रिय युवा संघको सिरहा जिल्लाको संस्थापक अध्यक्ष बन्नुभएको थियो । २०५९ मा एमालेको आठौँ महाधिवेशन भएको थियो । सो महाधिवेशनबाट उहाँ केन्द्रीय सदस्य बन्नुभएको थियो । हालसम्म उहाँ केन्द्रीय सदस्य नै हुनुहुन्छ ।

पार्टीको जिल्ला सचिवालय सदस्य तथा युवाको अध्यक्ष भएको नाताले २०६२-०६३ मा भएको आन्दोलनमा उहाँ सक्रिय भएर लाग्नु भएको थियो । १९ दिनसम्म भएको आन्दोलनमा गंगाप्रसाद यादव एक दिन पनि बिश्राम लिनुभएको थिएन । उहाँ भन्नुहुन्छ, 'जिल्लाभरमा जेजे कार्यक्रम हुन्थ्यो सबैमा सहभागी हुन्थे जहाँ जानुपर्थ्यो सबै ठाउँमा जान्थे त्यो क्रममा पक्राउ परेर तीन दिनसम्म प्रहरीको हिरासमा पनि बसेको थिए ।' जनआन्दोलन सफल भएपछि मधेश आन्दोलन सुरु भएको थियो । मधेशको अधिकारका लागि भएको त्यो आन्दोलनमा गंगाप्रसादको प्रत्यक्ष संलग्नता थिएन ।

तर जेका लागि आन्दोलन भएको थियो त्यो कायम रहेन, गंगाप्रसाद भन्नुहुन्छ, 'मधेश आन्दोलनलाई मधेशवादी दलहरुले सत्ताको भर्याङ्ग बनाए, मन्त्री बन्न यति ललायित भए कि पार्टी टुक्रा टुक्रा भए जनताले विश्वास गर्न छाडे, मधेशी दलको साथ दिन छाडे अहिलेको अवस्थामा मधेशमा एमाले सबभन्दा ठूलो र बलियो पार्टी हो जब कि मधेश आन्दोलनमा मधेशी नेताहरुले एमाले पार्टीलाई नै टार्गेट गरेको थियो ।' मधेश आन्दोलनको क्रममा एमालेका नेताहरुलाई घरबाट निस्किन मुस्किल थियो । पार्टी कार्यालय कुनै पनि दुरुस्त थिएन । यस्तो अवस्थाबाट गुज्रेको एमाले पार्टी आज मधेशको सबभन्दा बलियो पार्टी बनेको बताउँदै उहाँले मधेशवादी दलका नेताहरु गलत रहेको कुरा यसैबाट पुष्टि भएको बताउनुभयो ।

२०७४ माओवादी र एमाले बिच एकीकरण भएपछि नेकपा बनेको थियो । त्यो नेकपामा पनि गंगाप्रसादलाई केन्द्रीय सदस्य बनाएको थियो । तर त्यो एकीकरण लामो समय चलेन । माओवादी र एमाले अलग अलग भएपछि गंगाप्रसाद एमालेमै रहनुभयो । पछि एमालेबाट माधवकुमार नेपालहरु अलग हुँदा पनि गंगाप्रसाद यादव एमालेमै रहनुभयो । उहाँ भन्नुहुन्छ, 'म पार्टी विभाजनको पक्षमा कहिल्यै पनि थिइनन् त्यही भएर जो जो पार्टी विभाजन गरेर गए पनि म मूल पार्टीमा नै रहे ।'

२०७६ मा केपी शर्मा ओली प्रधानमन्त्री भएको बेला गंगाप्रसाद यादव भूमी सम्बन्धी समस्या समाधान आयोगको सिरहा जिल्ला अध्यक्ष हुनुहुन्थ्यो । सिरहा क्याम्पसमा अध्ययन गरिरहेको बेला मनमोहन अधिकारीको पालामा आफ्नो गाउँ आफै बनाउ कार्यक्रमको उहाँ पूर्वाञ्चल सदस्य हुनुहुन्थ्यो ।

**परिवार**

बुवा हनुमानी यादव र आमा सुदामा देवी यादवका जेठो छोरा गंगाप्रसाद यादवका एक जना भाइ र तीन जना बहिनी छन् । शक्तिराम यादव एउटा लघु वित्तमा कार्यरत हुनुहुन्छ भने रामरती यादव, पार्वती यादव र सीता यादवको विहे भइसकेको छ उहाँहरु आआफ्नो घरमा बसिरहनु भएको छ । गंगाप्रसादले २०३५ सालमा लहान भवानीपुरका गौरीदेवी यादवसँग मागी विवाह गर्नुभएको थियो । गंगाप्रसादका जेठो छोरा सुजितकुमार यादव खेतीकिसानमा संलग्न हुनुहुन्छ भने अजितकुमार यादव इन्जियर हुनुहुन्छ । रञ्जित कुमार यादव लाइफ इन्स्योरेन्स सिरहा शाखामा जागिरे हुनुहुन्छ ।

**महन्थ ठाकुरका...**

महोत्तरीमा दुई दिनसम्म चलेको बैठकले नेता महतोको बारेमा कुनै आधिकारिक निर्णय गरेन । वरिष्ठ नेता महतो आफै पार्टी छाडेर गइसकेको कारण त्यसको बारेमा कुनै निर्णय गर्न नपरेको सो पार्टीका नेताहरुले बताउनुहुन्छ । राजेन्द्र महतोले पत्रकार सम्मेलन गरेर आफू लोसपामा नरहेको जानकारी गराए पनि हालसम्म आधिकारिक रुपमा राजिनामा दिनुभएको छैन । लोसपाका उपाध्यक्ष जितेन्द्र सोनलले पार्टी छाडेर गइसकेका बारेमा पार्टीले कुनै निर्णय गर्नुपर्ने आवश्यकता नरहेको बताउनुभयो ।

उहाँ स्वयं (राजेन्द्र महतो)ले नै आफू पार्टीमा नरहेको भनि सकेपछि पार्टीले केही निर्णय गर्नु परेन, उहाँले भन्नुभयो, 'राजेन्द्र महतो पार्टीमा हुनुहुन्न भने कुरा उहाँ स्वयंले भनेपछि अब त्यो ठाउँमा अरुलाई राखिनेछ तर राजेन्द्रजीको बारेमा थप कुनै निर्णय गर्नुपर्दैन ।' बरु नेता महतोको साथमा को को नेता गएका छन् त्यसको नामावाली तयार गर्न जिल्ला कमिटीलाई बैठकले निर्देशन दिएको बताउँदै उहाँले जिल्ला जिल्लाबाट आएको रिपोर्टका आधारमा उनीहरुलाई पार्टीबाट कारवाही गर्ने वा के गर्ने बारे निर्णय हुने बताउनुभयो ।

नेता महतोको साथमा अरु केही नेताहरु पनि देखिन्छन् उनीहरु कहाँका छन् पार्टीमा उनको के पोजिसन छन् त्यसको बारेमा जिल्ला कमिटीले रिर्पोर्ट बनाएर पार्टीमा बुझाएपछि त्यसको बारेमा एक्सन लिने उहाँले बताउनुभयो । दुई दिनसम्म चलेको बैठकमा लोसपाका नेताहरुले विभिन्न पाँच वटा प्रतिवेदन पेस गर्नुभएको थियो । सबै प्रतिवेदन सुझावका आधारमा संशोधनसहित पारित भएका छन् । पार्टीलाई क्रियाशिल बनाउनका लागि पालिकादेखि प्रदेश तहसम्म पार्टीको अधिवेशन गर्ने लगायतका विषयमा छलफल भएको छ ।


# उपभोक्ताप्रति सचेत बनौं

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर विक्रि वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलिमतोमा महङ्गो मूल्य निर्धारण गर्न पाइदैन/हुँदैन ।
- यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खवर गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड





**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार